# सौर्य दैनिक

www.souryonline.com








वर्ष ११ | अंक २३६ | बिहीबार, ३ कात्तिक २०७९ | SOURYA NATIONAL DAILY | Thursday, 20 October 2022 | पृष्ठ : ८ | मूल्य रू. ५


# 'फ्रि भिषा, फ्रि टिकट' ले बबण्डर



Photo : NA

**■ सौर्य समाचार**

काठमाडौं । आफ्ना चुनावी घोषणा पत्र होस् वा भाषण गर्दा स्वदेशमै रोजगारी सिर्जना गरेर युवाहरूको विदेश पलाएन रोक्नु पर्ने भन्न कुनै पनि राजनीतिक दल छुटाउदैनन् । तर, व्यवहारमा भने निर्वाचन प्रचारका क्रममा रोजगारीका लागि विदेश पलाएनलाई रोक्ने होइन, आफूतर्फ युवाहरूको मत तान्न यसलाई बढावा दिने होडवाजी गरिरहेका छन् ।

अहिले निर्वाचनका क्रममा केही राजनीतिक दल र उम्मेदवारले 'फ्रि भिषा, फ्रि टिकट' को कुरामा युवाहरूलाई लोभ्याउनको थालेपछि बबण्डर मच्चिएको छ । निर्वाचनका समय 'फ्रि भिषा, फ्रि टिकटले लोभ्याउनेमा प्रधानमन्त्री तथा नेपाली काँग्रेसका सभापति डा. आरजु राणा देउवा अग्रपंक्तिमा देखिएकी छन् । सत्ता गठबन्धनकै अर्को घटक नेकपा(एस) का अध्यक्ष माधव नेपालले पनि चुनावी सभामा 'फ्रि भिषा, फ्रि टिकट' को कुरा निकालेपछि उनको यो भिडियो समाजिक सञ्जालमा भाइरल भएको छ । नेपाललाई जवाफ दिंदै नेकपा(एमाले) अध्यक्ष केपी शर्मा ओलीले चुनावको मुखमा 'फ्रि भिषा, फ्रि टिकट' को कुरा गर्नेहरू ठग भएको बताएका छन् ।

यसै विषयलाई निर्वाचन आयोगले पूर्वमन्त्री कृष्णकुमार श्रेष्ठलाई २४ घण्टे स्पष्टीकरण सोधेको छ । बारा क्षेत्र नं. ४ बाट उम्मेदवार बनेका श्रेष्ठले फ्री भिसा फ्री टिकटमा विदेश पठाइदिने आश्वासन दिएपछि आयोगले स्पष्टीकरण सोधेको हो । उनले जनतालाई आश्वासन दिएको भिडिओ आयोगमा पुगेपछि स्पष्टीकरणको सामना गर्नुपरेको हो । आयोगले निर्वाचन आयोगमा वा उम्मेदवारी रहेको निर्वाचन अधिकृतको कार्यालयमा आफ्नो प्रतिनिधिमार्फत लिखित स्पष्टीकरण पेश गर्न भनेको छ । आयोगले बारा लगायतका जिल्लाबाट युवाहरूलाई जम्मा गरी प्रलोभन देखाउनुभएको सम्बन्धमा के कसो भएको हो ? भनी सोधेको छ । अब यस्तो आश्वासन बाँड्नेको सूचीमा नेकपा एकीकृत समाजवादीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल पनि थपिएका छन् । आइतबार रौटतहटमा भएको एक चुनावी कार्यक्रममा बजिका भाषामा पूर्वप्रधानमन्त्री नेपालले आफूले चुनाव जिते देश भित्र र बाहिर युवालाई रोजगारीको अवसर दिने आश्वासन मात्र बाँडेनन् उनले भने, 'फ्रि का मतलब बिना ढेउवा के । बिना ढेउवाको भिसा मिल्ते हे, टिकट मिल्ते हे, काठमाडौंमे तालिम मिल्ते हे ।' अहिले उनको भिडियो सामाजिक सञ्जालमा भाइरल भएको छ ।

यसो त चुनावमा 'फ्रि भिषा, फ्रि टिकट' आश्वासन दिएको यो प्रदेश तथा प्रतिनिधि सभाको निर्वाचनमा मात्र पहिलो पटक होइन । यसको सुरुवात गरेकी हुन् प्रधानमन्त्री पत्नी आरजु राणाले । उनले गत स्थानीय निर्वाचन प्रचारका बेला कैलालीमा भोट माग्ने क्रममा निःशुल्क विदेश पठाउने आश्वासन दिएकी उनलाई निर्वाचन आयोगले स्पष्टीकरण नै सोधेको थियो । तर, त्यसबाट नचेतेकी राणाले संसदीय चुनावको मुखमा पनि 'फ्रि-भिसा, फ्रि-टिकट' को प्रलोभन दिन छाडेकी छैनन् ।

आफ्ना पतिको उम्मेदवारी दर्ता गराउन २३ असोजमा डडेलधुरा पुगेकी पत्नी राणाले आफूले युवाहरुलाई रोजगारीका लागि निःशुल्क मलेसिया पठाएको गर्व साथ बताइन् । 'युवाको रोजगारीमा अस्ति पनि ४ सयभन्दा बढी फ्रि-भिसा, टिकटमा पठायौं, यस्तो स्किम यहाँ फेरि पनि कसरी ल्याउने भन्ने पहल गर्छौं,' देउवाको उम्मेदवारी दर्ता गरेपछि उनले थप योजना पनि सुनाइन् । यसको प्रतिउत्तरमा एमाले अध्यक्ष ओलीले यस्तो आश्वासन बाँडनेहरू 'ठग' भएको बताएका छन् । बुधबार झापा -१ म आयोजित राप्रपासँगको संयुक्त चुनावी सभामा बोल्दै ओलीले भने, 'बारा, रौतहट, डडेल्धुरालगायतका जिल्लामा फ्रि-भिसा र फ्रि-टिकटको कुरा गरेर जनतालाई भ्रम छरिरहेका छन् । त्यस्ता उम्मेदवारलाई निर्वाचन आयोगले तत्काल कारवाही गर्नुपर्छ ।' निर्वाचन आयोगले भने बाराबाट मात्र उजुरी परेको जनाउँदै कृष्णकुमार श्रेष्ठले फ्रि भिसामा विदेश पठाइदिने भन्दै युवाहरुलाई अन्तरवार्ता लिएको उजुरी आएको बताएको छ । आयोगका आयुक्त रामप्रसाद भण्डारीका अनुसार गरिब किसानलाई निर्वाचनको माहोलमा भिसा बाँडेको उजुरी परेको बताए । त्यसअनुसार श्रेष्ठसँग स्पष्टीकरण मागिएको जानकारी दिए ।'आयोगमा मजबुत प्रमाण छ, उहाँले निर्वाचन आचारसिंहता उल्लंघन गर्नु भएको छ भने निश्चित रुपमा कारवाहीको भागिदार हुनुहोला ।'

# बझाङ जीप दुर्घटनामा ७ को मृत्यु

**■ सौर्य समाचार**



बझाङ । बझाङमा जिप दुर्घटनामा परेर मृत्यु भएका चार जनाको सनाखत भएको छ । जिल्ला प्रहरी कार्यालय बझाङका डीएसपी जागेश्वर भण्डारीका अनुसार मृतकमध्ये चार जनाको सनाखत भएको हो ।

सनाखत हुनेहरुमा मष्टा गाउँपालिका-२ खेतकोटकी १३ वर्षीया सम्झना खड्का, सोही ठाउँका २५ वर्षीय रोशन खड्का, ११ वर्षीय प्रचण्ड खड्का र २८ वर्षीया वसन्ती धामी रहेका छन् । सदरमुकाम चैनपुरबाट मष्टा गाँउपालिकाको वडा नं २ खेतकोट जाँदै गरेको जिप बुधबार दिउँसो दुर्घटना भएको थियो । जिप सडकबाट दुई सय मिटर तल खसेर भीरमा अड्किएको छ ।

सो दुर्घटनामा परेर ७ जनाले ज्यान गुमाएका छन् । अन्य १६ यात्रु घाइते भएको प्रहरीले जनाएको छ । गम्भीर घाइते ५ जनालाई थप उपचारको लागि धनगढी रिफर गरिएको जिल्ला प्रहरी कार्यालय बझाङका प्रहरी निरीक्षक रमेश अवस्थीले बताए । 'घाइतेको अवस्था चिन्ताजनक छ, मृतक संख्या बढ्न सक्छ,' उनले भने, 'सबैको सनाखत पनि हुन सकेको छैन ।' उनका अनुसार अन्य घाइतेहरुको बझाङ अस्पतालमा उपचार भइरहेको छ ।

## भाइटीकाको साइत बिहान ११ बजेर ३७ मिनेटमा

**■ सौर्य समाचार**

काठमाडौं । यस वर्ष भाइटीकाको उत्तम साइत कात्तिक १० गते बिहान ११ बजेर ३७ मिनेट जाँदा रहेको छ । नेपाल पञ्चांग निर्णायक समितिले बुधबार भाइटीकाको शुभसाइतसहित अन्य तिहारका अन्य महत्वपूर्ण दिनबारे जानकारी गराएको हो । समितका अनुसार तिहार पर्वसँग सम्बन्धित दिन तथा शुभसाइतहरू :

१) **२०७९ कात्तिक ५ गते, शनिबार –** यमदीपदान, धनत्रयोदशी (धन्तेरस)
२) **२०७९ कात्तिक ६ गते, आइतबार –** काकबली (कागतिहार), धन्वन्तरी जयन्ती
३) **२०७९ कात्तिक ७ गते, सोमबार –** कुकुरतिहार नरकचतुर्दशी, विहान झिसमिसेमा तेल लगाएर नुहाउने, लक्ष्मीपूजा, दीपमालिका, सुखरात्रि
४) **२०७९ कात्तिक ८ गते, मंगलबार –** गाईपूजा
५) **२०७९ कात्तिक ९ गते, बुधबार –** गोवर्द्धनपूजा, बलीपूजा, हलितिहार, म्हपूजा, गोरुपूजा, ने.सं. ११४३ प्रारम्भ
६) **२०७९ कात्तिक १० गते, बिहीबार –** यमद्वितीया भाइटीका (किजापूजा), विहान ११:३७ बजे (उत्तर मोहडा)

# ३५ उम्मेदवारलाई कारबाहीको तयारी

**■ सौर्य समाचार**

काठमाडौं । निर्वाचन आयोगले निर्वाचन आचारसंहिता उल्लंघन गर्ने ३५ जना उम्मेदवारहरुलाई कारबाही गर्ने तयारी थालेको छ । आगामी मंसिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनका लागि उम्मेदवारी दिएका ३५ जना उम्मेदवारहरुले निर्वाचन आचारसंहीता उल्लंघन गरेको पाइएकाले कारबाहीको प्रक्रिया अघि बढ्ने पक्का भएको जनाएको हो ।

निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले बुधबार धेरै ठाउँमा आचारसंहिता उल्लंघनका उजुरी परेको तर ३५ जना उम्मेदवारहरुले आचारसंहिता बढी नै उल्लंघन गरेको पाइएको भन्दै कारबाहीको तयारी गरेको बताए । उनले आचारसंहिता उल्लंघन गर्ने उम्मेदवारहरुको कसुर प्रवृत्तिको गहन मूल्यांकन र विश्लेषण गर्दा कारबाहीको भागिदार बन्ने देखिएको बताए ।

आयुक्त भण्डारीले आचारसंहिता धेरै उल्लंघन हुने समय कात्तिक १८ देखि मंसिर २ भएकाले आफूले बनाएका नीति नियमको पूर्ण पालना र कार्यान्वयन गर्न उम्मेदवारीहरुलाई आग्रह गरे । आयुक्त भण्डारीले निर्वाचन आचारसंहिता अहिले पनि विभिन्न तरिकाबाट उल्लंघन भइरहेको भन्दै निर्वाचन आचारसंहिता उल्लंघन गर्ने जो कोही उम्मेदवारहरुलाई पनि आयोगले कारबाही गर्ने चेतावनी दिए ।




उनले ऐन, कानुन बनाउनेहरुले नै आचारसंहिताको उल्लंघन गर्न नपाइने उल्लेख गर्दै अहिले पनि विभिन्न दलहरुले अगुवा कार्यकर्ता भेला, प्रशिक्षण लगायतका आचारसंहिताको उल्लंघन गरिरहेको बताए । उनले हरेक उम्मेदवार र दलहरुले निर्वाचन आचारसंहिता उल्लंघन गरेको विषयलाई आयोगले प्रमाण संकलन गरी गहन अध्ययन गरिरहेको पनि उल्लेख गरे ।

उनले भने, 'राजनीतिक दलका र स्वतन्त्र उम्मेदवार जो उम्मेदवारी दिएर अगाडि जानुभएको छ । उहाँहरुको घरदैलो मात्रै गर्ने कार्यक्रम हो । कात्तिकको १७ गते सम्मको कार्यक्रम घरदैलो मात्रै हो । १८ गतेपछि गोष्ठी सेमिनार, ऱ्याली, कोणसभा हो । त्यसको लागि हामीले १७ दिनको समय राखेका छौँ । अहिलेको अवस्था घरदैलो मात्रै गर्ने कार्यक्रम हो । त्यसमा २५ जनामा नबढाइ, बाजागाजा नबजाइ जानुस् भनेका छौँ ।

**बाँकी पृष्ठ २**

# भोट बैंकको रूपमा सुकुम्वासी शिविर



**■ सौर्य समाचार**

झापा । केही हरिया त केही सुकेका सालका र साजका रुख । त्यहीँ रुखको फेदीमा घरका छाप्रा । २०६३ देखि अतिक्रमणमा परेको टीकापुरकै शैक्षिक धरोहर टीकापुर बहुमुखी क्याम्पसको जग्गा । कुनै समयम घना जङ्गल, यतिबेला खण्डहरजस्तै बनेको छ ।

त्यहाँका सालका र साजका रुख कता गए त्यसको कुनै लेखाजोखा छैन । अँध्यारोमा बास, पिउने पानीको अभाव, शैक्षिक गतिविधिको पहुँचबाट टाढाजस्ता समस्याले घेरिएका स्थानीयवासीको दैनिकी । एकपछि अर्को गर्दै दुई वर्षको अवधिमा तीन सय बिघा जमिन पूर्णरूपमा सुकुम्वासीको कब्जामा भएपछि क्याम्पस प्रशासनले खाली गराउनका लागि निकै प्रयास गऱ्यो ।


ती गरेका प्रयास सफल हुन सकेनन् । त्यसको मुख्य कारण निर्वाचनमा सबैलाई भोटको राजनीति । राजनीतिक आडमा बसेकालाई व्यवस्थित बसोबासको आश्वासन गरेर मत पाएपछि त्यहाँ फर्किएको कुनै समय छैन होला ।

'अहिले दैनिक छ/सात टोली आउँछन् । हाम्रो पार्टीलाई भोट हाल्नुहोला, हामी उचित बसोबासको ग्यारेन्टी गर्छौं भनेर', स्थानीय कमला विकले भने, 'त्यसो भनेर आउने कसैको नयाँ अनुहार छैन । सबै पुराना छन् । कसरी विश्वास गर्नु हामीले जग्गा पाउँछौं भनेर ।' सोही ठाउँका बलबहादुर विक पनि यतिबेला निकै अन्योलमा हुनुहुन्छ । जीवनको १६ वर्ष त्यहीँ शिविरमा बिताएका बलबहादुर लाई आफूहरुको व्यवस्थापन हुन्छ भन्नेमै शंका छ । २०६४ सालको संविधानसभाको निर्वाचनदेखि २०७९ सम्मका सबै निर्वाचनमा सुकुम्वासी, मुक्तकमैया र अव्यवस्थित बसोवासीलाई व्यवस्थापन गर्ने कुरा सबै राजनीति दल तथा उम्मेदवारको घोषणापत्रमा नछुटेको बलबहादुर बताउछन् ।

'हिजोदेखि आजसम्म उहीँ अनुहार छन् भने उहीँ मुद्दा', बलबहादुरले भने, 'कार्यान्वयन हुने कहिल्यै होइन । हालसम्म न हाम्रो अवस्था फेरियो न उम्मेदवारका एजेन्डाका बुँदा ।' २०७४ को प्रदेश र सङ्घीय निर्वाचनमा शिविरमा बसोबास गर्दै आएका नागरिकको व्यवस्थापन गर्ने भन्दै केही उम्मेदवारले लिखित सम्झौता नै गरेका थिए । पाँच वर्ष बित्यो सम्झौता कार्यान्वयन हुन सकेन ।

'क्याम्पसको जग्गा नपाए पनि अन्त कतै

**बाँकी पृष्ठ २**

# दश जनाले पूरा गरे एपिएफ कमाण्ड कोर्स

■ सौर्य समाचार

काठमाडौं । सशस्त्र प्रहरीका १० कर्मचारीले एपिएफ कमाण्ड तथा स्टाफ कलेज काठमाडौंमा सञ्चालित छैटौं एपिएफ कमाण्ड तथा स्टाफ कोर्स पूरा गरेका छन् । प्रहरी कर्मचारीको परिचालनका लागि उक्त कोर्स महत्वपूर्ण मानिन्छ । २०७८ जेठ १६ गतेदेखि सञ्चालन भएको उक्त कोर्समा दुई सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक, तीन सशस्त्र प्रहरी उपरीक्षक र पाँच जना सशस्त्र प्रहरी नायब उपरीक्षकको सहभागिता थियो ।

उनीहरुलाई बुधबार एक समारोहका बीच सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले दीक्षित गराए । उक्त कोर्समा सर्वोत्कृष्ट भएका सशस्त्र प्रहरी नायब उपरीक्षक सुरेश गैरेलाई 'बेस्ट कमाण्ड एण्ड स्टाफ कोर्स अवार्ड' र रिसर्चतर्फ प्रथम भएका सशस्त्र प्रहरी नायब उपरीक्षक सन्तोषबहादुर सिंहलाई 'वेष्ट रिसर्च अवार्ड' प्रदान गरे । सोही अवसरमा त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायका डिन प्रा डा कुशुम शाक्यले सशस्त्र प्रहरी नायब उपरीक्षक सुरेश गैरेलाई 'वेष्ट एकेडेमिक अवार्ड' प्रदान गरे ।

उक्त समारोहमा सशस्त्र प्रहरी महानिरीक्षक अर्यालले साङ्गठानिक जिम्मेवारी निर्वाहका क्रममा पूर्ण व्यावसायिक भई कुशलतापूर्वक क्षमता र दक्षता प्रदर्शन गर्न सशस्त्र प्रहरी कर्मचारीलाई निर्देशन दिए । उनले दीक्षित अधिकृतलाई यस कोर्सबाट प्राप्त गरेका ज्ञान, सीप, कला र कौशललाई सदुयोग गर्दै साङ्गठानिक विकासमा इमान्दार र कर्तव्यनिष्ठ भई सकारात्मक सोचका साथ उत्कृष्ट कार्यसम्पादन गर्नेतर्फ क्रियाशील हुन पनि आग्रह गरे । त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकायका डिन प्रा डा शाक्यले सङ्गठन र राष्ट्रका लागि दक्ष अधिकृत उत्पादनमा एपिएफ कमाण्ड तथा स्टाफ कोर्स कोसेढुङ्गा सावित हुने विश्वास व्यक्त गरे ।

सो कोर्समा सहभागी अधिकृतलाई स्टाफ ड्युटिज, इन्टेलिजेन्स, द्वन्द्व व्यवस्थापन, सुरक्षा, विकास, शान्ति, मानवअधिकार, अन्तर्राष्ट्रिय मानवीय कानून, नेतृत्व तथा व्यवस्थापन, राष्ट्रिय सुरक्षा रणनीति, नीतिनिर्माण तथा योजना, स्वदेश तथा विदेश शैक्षिक भ्रमणलगायतका विविध विषयमा विज्ञले प्रशिक्षण दिएको थियो ।

# जनजाति आयोगका सिफारिस न्यून कार्यान्वयन

■ सौर्य समाचार

काठमाडौं । आदिवासी जनजाति आयोगले सरकारलाई कार्यान्वयनका लागि सिफारिस गरेकामध्ये थोरै विषयमात्र कार्यान्वयन हुने गरेको छ । आयोगले आर्थिक वर्ष २०७७/७८ मा सरकारलाई २२ वटा सिफारिस गरेको थियो । त्यसमध्ये दुईवटा सिफारिसमात्र कार्यान्वयन भएको आयोगका अध्यक्ष रामबहादुर थापामगरले बुधबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए ।

राष्ट्रिय मानवअधिकार आयोगकै पनि १५ प्रतिशतभन्दा बढी सिफारिस सम्बोधन नहुने गरेको उनले सुनाए । आयोगले तेस्रो वार्षिक प्रतिवेदन २०७८/७९ मार्फत सरकारलाई २८ वटा सिफारिस गरेको छ । प्रतिवेदन गत असोज ३१ गते पत्रमार्फत राष्ट्रपति कार्यालयलाई पठाएपछि बुधबार पत्रकार सम्मेलन गरी सार्वजनिक गरिएको हो । आयोगले सिन्धुली र रामेछाप जिल्लामा सञ्चालित सुनकोसी-मरिण डाइभर्सन बहुउद्देश्यीय परियोजना र सुनकोसी-२ जलविद्युत् परियोजना प्रभावित रामेछाप जिल्लाका माझीलगायतका स्थानीय समुदायको गुनासो स्थलगतरूपमा अध्ययन गरी त्यसको व्यवस्थापनका लागि सरकारलाई सिफारिस गरिएको जनाएको छ ।

सिफारिसमा माझी समुदायको सामाजिक, सांस्कृतिक र धार्मिकस्थलको संरक्षण र उचित मुआब्जालगायत माग सम्बोधन नभएको आयोगको सिफारिसमा उल्लेख छ । सरोकार भएकासँग छलफल गरी जायज माग सम्बोधन गर्न आयोगले सरकारलाई सिफारिस गरेको छ । यस किसिमका विकास निर्माणका काम सञ्चालन गर्दा परियोजना प्रभावित स्थानीय समुदायको स्थानान्तरण गर्नुपर्ने भएमा 'स्वतन्त्र र सुसूचित मञ्जुरी' लिने व्यवस्था गर्न पनि आयोगले सिफारिस गरेको छ ।

चितवन राष्ट्रिय निकुञ्जको कुसुमखोला क्षेत्रका चेपाङ बस्तीलगायत आदिवासी जनजातिको घर, टहरा जलाएकामा आयोगबाट अनुगमन गरी प्रतिवेदन तयार गरी विस्थापित परिवारलाई तत्कालीन एवं दीर्घकालीन व्यवस्थापनका सम्बन्धमा गृहमन्त्रीलाई ध्यानाकर्षण गराइएकामा सिफारिस कार्यान्वयन गर्न पुनः माग गरिएको छ । निकुञ्जभित्र परेका बस्तीका सर्वपक्षीय समस्याको दीर्घकालीन समाधान गर्न आवश्यक व्यवस्था गर्न पनि आयोगले सिफारिस गरेको छ ।

आदिवासी जनजाति समुदायको भौतिक, अभौतिक संस्कृति संरक्षण एवं संवर्द्धनका लागि सङ्घीयस्तरको एक र प्रादेशिकस्तरका सातवटा खुला सङ्ग्रहालय स्थापना तथा सञ्चालन गर्नुपर्नेमा आयोगले सिफारिसमार्फत जोड दिएको छ । सम्बन्धित समुदायका परम्परागत मौलिक गाउँलाई नमूना सांस्कृतिक सम्पदा गाउँको रूपमा संरक्षण र व्यवस्थापन गर्न सम्बन्धित निकायले तत्काल कार्यक्रम आरम्भ गर्न पनि सिफारिस गरिएको छ ।

नेपालले सन् २०१० मा अनुमोदन गरेको अमूर्त सांस्कृतिक सम्पदा संरक्षण महासन्धि (२००३) कार्यान्वयन गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमार्फत आदिवासी जनजाति समुदायका अमूर्त (अभौतिक) सांस्कृतिक सम्पदा युनेस्कोमा सूचीकरण गर्ने प्रक्रिया तत्काल प्रारम्भ गर्न पनि सिफारिस गरिएको छ । आदिवासी जनजातिको परम्परागत संस्कृतिमा आधारित पर्यटन प्रवर्द्धन गर्न आवश्यक नीति र कानून निर्माण गरी कार्यान्वयन गर्न पनि आयोगले सिफारिस गरेको छ ।

## ३५...

दलका नेताहरुले पनि मञ्जुर गर्नुभएको हो ।'धेरै ठाउँमा आचारसंहिता उल्लंघन भयो भनेर उजुरी परेको छ । बुधबारसम्म ३५ जनालाई स्पष्टिकरण सोधिसकेका छौं । ८०-९० वटा स्पष्टीकरण सोध्ने र कसुरको प्रकृतिलाई मूल्यांकन गरेर के गर्न सकिन्छ भनेर हाम्रो टोलीले अनुसन्धान गरिरहेको छ । ३५ जनाको अलिकति बढी नै कसुरजन्य क्रियामा आचारसंहिता उल्लंघन गरेको सन्दर्भलाई लिएर अलि गहन तरिकाले अध्ययन गरेर उहाँहरु छानबिनको पनि गहिरो छानबिनको, मसिनो छानबिनको विषय हुने र सजायको भागिदार हुनुहुने भन्ने हामीले देखेका छौं । निर्वाचन आयुक्त भण्डारीले नेकपा एकीकृत समाजवादीका नेता कृष्णकुमार श्रेष्ठले बारा क्षेत्र नम्बर ४ मा वैदेशिक रोजगारीमा पठाइदिने प्रलोभन दिएर अन्तर्वार्ता शुरु गरेको विषयमा पनि उजुरी परेकाले नेता श्रेष्ठलाई आयोगले स्पष्टीकरण सोधेको बताए । उनले आयोगले यस सन्दर्भमा प्रमाण जुटाउने काम गरिरहेको बताए ।

उनले आयोगले उम्मेदवारहरुले दिएको जवाफका बारेमा मात्रै सही, गलत नछुट्याउने भन्दै पर्याप्त प्रमाण संकलन गरी आचारसंहिता उल्लंघन गरेको पाइए कारबाहीको भागिदार बनाउने बताए । आयुक्त भण्डारीले भने, 'किसान श्रेष्ठले बाराको आफ्नो निर्वाचन क्षेत्रमा जो गरिब किसानहरु हुनुहुन्छ, ज्याला मजदुरी गरेर आउनुभएको छ, तपाईहरुलाई विदेशमा म पठाइदिन्छु, भनेर अहिले निर्वाचनको माहोलमा चुनाव प्रचार गर्ने सन्दर्भमा उहाँले भिसा बाँड्नुभयो, भन्ने हामीकहाँ उजुरी आएको छ । त्यो उजुरीपछि हामीले उहाँले गर्नुभएको हो की होइन ? उहाँलाई स्पष्टीकरण सोधेका छौं । साथै हामीले पनि प्रमाण संकलन गरेका छौं । उहाँले दिएको जवाफमा मात्रै आधार मानेर त्यसैलाई सही र गलत भनेर हामी छुट्याउँदैनौं । आयोगसँग मजबुत रुपमा प्रमाण संकलन छ । त्यो संकलन प्रमाणहरु वस्तुनिष्ठ तहले उहाँले त्यसरी निर्वाचन आचारसंहीतालाई उल्लंघन गरेर कसुरजन्य क्रिया गर्दै अघि हिँड्नुभएको छ भने निश्चित रुपमा सजायको भागिदार हुनुहुनेछ ।'

निर्वाचन आयुक्त भण्डारीले देशको नीति निर्माण र शासन सम्हाल्न जाने मानिसले सुरुदेखि नै ऐन, नियम र आचारसंहीता उल्लंघन गर्नुले देशका लागि नयाँ नीति निर्माण गर्न नसक्ने भन्दै निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्न आग्रह गरे ।

## भोट...

भए पनि हाम्रो व्यवस्थापन हुन्छ, भन्ने आशा पलाएको थियो । त्यो आशा पाँच वर्षसम्म पनि पूरा हुन सकेन', स्थानीय सुन्दर चौधरीले भने, 'अझै हाम्रो व्यवस्थापन हुन कठिन छ । यत्रो शिविरलाई स्थानान्तरण गरेर व्यवस्थापन गर्नसक्ने अवस्था छैन । क्याम्पसले आफ्नो स्वामित्वको जग्गा दिने कुरा पनि नहोला ।'

शिविरमा बस्दै आएका सूर्य मगर राजनीतिक दलका नेता भन्दा आफ्नै क्षेत्रका अगुवासँग आक्रोशित देखिन्छन् । २०६४ सालमा सुर्खेतबाट बसाइँ सरेर एकतानगर शिविरमा बस्दै आएका उहाँ आफ्नो स्वेच्छाले उम्मेदवारलाई भोट हाल्न नपाएको बताउछन् । 'बाढीकै कारण विस्थापित भएर तराई झरियो । निकै दुःखकष्टका साथ शिविरमा बिताएका दिन सम्झेर साध्य छैन', सूर्यले भने, 'विगतका दुःख सम्झेर शिविरका अगुवाकोपछि लाग्दा उनीहरु बने तर, हाम्रो अवस्थामा कुनै फेरबदल भएन ।'

शिविरमा त्यहाँको अगुवाइ गर्ने व्याक्तिको कुरालाई काट्न नसकेका कारण पनि आफ्नो इच्छाएको व्यक्ति भन्दा त्यहाँको अगुवाइ गर्ने व्यक्तिले चाहेको उम्मेदवारलाई भोट हाल्नुपर्ने बाध्यता भएको उहाँहरुको गुनासो छ । त्यसैमा शिविरका नागरिक झनै सशङ्कित भएका छन् । टिकापुर नगरपालिकाले सार्वजनिक जग्गा ३५ दिनभित्र खाली गर्न भन्दै सूचना जारी गरेपछि कतै आफूहरु अहिलेको बसेको ठाउँबाट विस्थापित हुनुपर्ने हो कि भन्ने त्रास देखिएको कमल परियार बताउछन् । 'नगरपालिकाले कस्तो सार्वजनिक जग्गा खाली गर्न भनेको हो थाहा भएन । यदि हामीलाई पनि हटाउन खोजियो भने त्यो निकै महँगो पर्न सक्छ', कमलले भने, 'हामी जग्गा छोड्न तयार छौं, तर उचित व्यवस्थापन नभएर हामीले वर्षौंदेखि बस्दै आएको जग्गा सहजै छोडेर जानसक्ने अवस्था रहँदैन ।'

नगरपालिकाले सार्वजनिक जग्गा खालिका लागि सूचना जारी गरेपछि क्याम्पसले पनि आफ्नो जग्गा खाली गराइदिन नगरपालिकालाई अनुरोध गरेको क्याम्पस प्रमुख केशरबहादुर कुँवरले बताए । उनले लामो समयदेखि क्याम्पसको नाममा रहेको तर भोगचलन अरुले नै गरिरहेको तीन सय बिघा जग्गा खाली गराइदिनका पत्रसहित अनुरोध गरिएको बताए । उनले नगरपालिकाले सूचना जारी गरेको समयमा क्याम्पसको जग्गा पनि अतिक्रमणमा परेको छ भन्ने कुराको जानकारी होस् र त्यसलाई खाली गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाइयोस भन्नका लागि पत्राचार गरिएको बताए ।

'राजनीतिक दलहरूले सुकुम्बासी बसेको जग्गा क्याम्पसको जग्गा होइन, त्यहाँ बसेकालाई त्यहाँ नै जग्गा उपलब्ध गराउने झुटो भ्रम छर्दै आएको अवस्थामा पनि त्यो जग्गा क्याम्पसको नै हो भन्ने जानकारीका लागि पनि पत्रकार गर्नुपर्ने देखियो ।' क्याम्पस प्रमुख कुँवरले भने, ' जग्गा हाम्रो । बस्ने सुकुम्वासी । भोट बैंक राजनीतिक दलका उम्मेदवारको भएको छ । क्याम्पसको जग्गा कुनै राजनीतिक दलको भोट बैंक नबनोस् भन्ने चाहना हाम्रो हो ।' उता नगरपालिकाका नगर प्रमुख रामलाल डगौंरा थारुले अहिलेको सूचनाले शिविर बस्तीलाई कुनै समस्या नगर्ने बताउछन् । उनले कुनै विकल्प नभएर सयौं परिवारलाई विस्थापित गर्न नसकिने बताउँदै बजार क्षेत्रका अतिक्रमण परेका जग्गालाई खाली गराउनका लागि प्रक्रिया अगाडि बढाइएको बताएका छन् । 'बस्ती हटाउने भन्ने भ्रम शिविरमा छर्ने काम भएको सुन्नमा आएको छ । त्यो सत्य होइन', नगर प्रमुख थारुले भने, 'विकल्प खोजेर शिविर खाली गर्न संघ तथा प्रदेश सरकारसँग समन्वय भइरहेको छ ।'


## Binayi Tribeni Rural Municipality
### Office of the Rural Municipal Executive
**Nawalparasi (East of Bardghat Susta), Dumkibas**
**Gandaki Province, Nepal**

### Invitation For Sealed Quotation

**Date of publication: 2079/07/03**

1. The Binayi Tribeni Rural Municipality invites sealed quotations from registered Suppliers for the supply, delivery and installation of Procurement of goods(Stationary).

| S. N. | Contract ID | Description of Works | Estimate Amount | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid | Bid Valid Period | Date of bid Opening | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 02/SQ/ Goods/BTRM/ 2079-080 | Procurement of goods (Stationary) | 20,00,000.00 | 50,000.00 | 1,000.00 | 2079/07/18 Before 12:00 | 45 Days | 2079/07/18 1:00 PM | |
| Cost of Bidding Document in Bank | Name of the Bank: Siddharth Bank LTD., Dumkibas branch, Nawalparasi (East ) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi (East) Binayi Tribeni Gaunpalika GA1.1 Aantarik Rajashwo Khata : 00815413078 | | | | | | | | |
| Cost of Bid Security in Bank | Name of the Bank: Siddhartha Bank LTD., Dumkibas, Nawalparasi(East) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi(East) Binayi Tribeni Gaunpalika GA03 Dharauti Khata. : 00815153326 | | | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Binayi Tribeni Rural Municipality, Dumkibas, Nawalparasi (Bardaghat Susta East), www.binayitribenimun.gov.np.

**Chief Administrative Officer**



## Malaysia मा रोजगार KAWALAN SERI GADING SDN. BHD.

पुनः विज्ञापन । पूर्व स्वीकृती मितिः २०७६/१०/१६ चलानी नं. ६०१५०८७८ LT No. 231251

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 49 | काममा दक्ष | 1500 | ४२,७४२।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

अन्तर्वार्ता : २०७९ कात्तिक ११ गते (28 Oct., 2022) यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबाजेश्वरमा सम्पर्क राख्नुहोला ।

## गुडवील ईन्टरनेशनल प्रा. लि.
श्रम ईजाजत नं.: ९५५/०६७/०६८

टोखा -७, बसुन्धारा चौकी, काठमाडौं, फोनः ४३८३८५९, फ्याक्स्ः ४३८३८६७



## सुषमा कोईराला मेमोरियल अस्पताल
साँखु, काठमाण्डौ

Furnishing बारेमा सिलबन्दी बोलपत्र आब्हानको सुचना

**प्रथम पटक प्रकाशित मिति : २०७९।०७।०३**

यस अस्पतालको **Furnishing** कार्य गर्नु पर्ने भएकोले इच्छुक निर्माण व्यवसायीहरुबाट नेपाल सरकारको कार्यालयमा दर्ता भई प्राप्त गरेको नविकरण सहितको इजाजत पत्र, आन्तरिक राजश्व कार्यालयबाट प्राप्त गरेको मुल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र , आ.व. २०७८/०७९ को कर चुक्ता गरेको प्रमाणपत्र वा आ.व. २०७७/७८ को कर चुक्ता गरेको गरेको प्रमाणपत्रको साथमा आ.व. २०७८।७९ को म्याद थप भएको पत्र समेत नोटरी पब्लिकबाट प्रमाणीत प्रतिलिपिहरु संलग्न गरी कार्यालय समयमा यस अस्पतालको लेखा शाखामा नगद रु. ३०००/- (पछि फिर्ता नहुने गरी) तिरी बोलपत्र खरिद गर्न र निम्न शर्तहरुको अधिनमा रही सिलवन्दी बोलपत्र पेश गर्न सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फारम खरिद सुचना प्रथम पटक प्रकाशित मितिले १५ औं दिनको १२:०० सम्म कार्यालय समयमा यस अस्पतालको लेखा शाखाबाट प्राप्त गर्न सकिनेछ ।
२. सिलबन्दी बोलपत्र पेश गर्दा आफूले कबोल गरेको अंकको २.५ प्रतिशतले हुने रकम बराबरको कम्तीमा ९० दिन म्याद भएको (बोलपत्र पेश गर्ने अन्तिम मितिदेखी) नेपाली वाणिज्य बैंकहरुबाट जारी गरेको बैंक जमानी पत्र (बिडबण्ड) वा यस अस्पतालको बैंक अफ काठमाण्डौ, साँखु शाखामा रहेको खाता नं. ०१३२०००००८५६५२४ मा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।
३. सिलबन्दी बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे दर्ता हुन आएको सिलबन्दी बोलपत्रहरु सिलबन्दी बोलपत्रदाता स्वंम वा निजको प्रतिनिधि वा निजहरु उपस्थित नभए पनि कार्यालयका प्रतिनिधिहरुको रोहवरमा सोहि दिनको १३:०० बजे यस अस्पतालमा खोलिने छ ।
४. सिलवन्दी बोलपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ ।
५. कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा निहित हुनेछ ।
६. स्वीकृत बोलपत्रदाताले निर्माण गर्ने कार्य बोलपत्र स्वीकृत भई सम्झौता भएको ६० (साठी) दिनभित्र काम सम्पन्न गर्नुपर्नेछ ।
७. यस सुचनामा उल्लेख भएका कुराहरु यसै सुचना बमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।
८. यस सम्वन्धी कुनै जानकारी चाहिएमा कार्यालय समयभित्र यस अस्पतालको लेखा शाखा वा प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ ।

**सम्पर्क नं : ०१-४४५०८२६, ०१-४४५०७२५**

तपसिल

| सि.नं. | निर्माण कार्यको विवरण | संख्या | दरभाउपत्र फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|
| १. | Hospital's Laboratory, Dental and Blood Bank Furnishing Works | १ | ३000/- | कबोल अंकको २.५% |



## Rapti Municipality
### Office of Municipal Executive
**Bhandara**
**Chitwan, Nepal**

### FIRST TIME PUBLISHED NOTICE

Invitation for Bids for the **Buddha Shanti Ma Bi West To Krishna Ghimire House To Pratappur R.C.C Road Construction at Border of Ward 2 and 3.**

Contract Identification No: **007/Works/NCB/RM/079/080**
First Date of publication: **2079-07-01 (BS) 2022-Oct-18 (AD)**

1. Rapti Municipality,Chitwan invites electronic bids from Nepalese eligible bidders for the **Buddha Shanti Ma Bi West To Krishna Ghimire House To Pratappur R.C.C Road Construction at Border of Ward 2 and 3, Contract ID no. 007/Works/NCB/RM/079/080** under National Competitive Bidding procedures. The estimated amount for the works is **Rs. 44,80,416.25** (without VAT and Contingencies).
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at **Rapti Municipality, Office of Municipal Executive, Bhandara, Chitwan, Nepal** or may visit PPMO website http://www.bolpatra.gov.np/egp.
3. Bidding process shall be executed by e-bidding process. Bidders can down load the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np. Bidders, submitting their bid electronically, should deposit the non-refundable fee of NRs. 3000.00 in the Project's Rajaswa (For Purchase Bidding Document) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: **NIC Asia Bank Ltd. Parsa/ Bhandara Branch**
   Name of Office: **Rapti Municipality, Office of Municipal Executive, Chitwan.**
   Office Account no.: Ga-1-1, **0982050029409002** (For Purchase Bidding Document)
   Office Account no.: Ga-3, **0984150019441007** (For Bid Security deposit)
4. Pre-bid meeting shall be held at **2079-07-24 (BS) at 13:00 hr** at Rapti Municipality, Office of Municipal Executive, Bhandara, Chitwan, Nepal.
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np. **On or before 12.00 noons 2079-08-01 (BS)** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14.00 hr** on **2079-08-01 BS)** at the Rapti Municipality, Office of Municipal Executive, Chitwan.
7. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **NRs 140000.00**, which shall be valid for **30 days** beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
10. All other terms & conditions will be as per prevailing procurement act & regulations of government of Nepal.

**Chief Administrative Officer**




## राहदानी हरायो

मेरो निम्न व्यहोराभएको राहदानी यहि मिति 2079-05-23 गते नारायणगढ बाट गैडाकोट जाँदा हराएकोले पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा सम्पर्क गरीदिनुभुहन बिनम्र अनुरोध गर्दछु ।

Name : shuku magar
Address : gaidakot- 3, Nawalparasi
Passport No : 09576035
Mobile No : 9816496809

# धनुषामा चुनावी माहोल तात्दै, मतदाता जोड घटाउमा व्यस्त



■ सौर्य समाचार

जनकपुरधाम । यही ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि उम्मेद्वारी दर्ता गराएका उम्मेद्वार धनुषामा प्रचारप्रसारमा गाउँ पसेका छन् । विभिन्न पार्टीका केन्द्रीय नेताहरू चुनावी प्रतिस्पर्धामा रहेकाले जिल्लामा यतिबेला चुनावी माहोल तातेको छ । चुनावी तयारीलाई तीव्र पारेको सत्तारूढ पाँच दलीय गठबन्धन र नेकपा एमाले-जसपा गठबन्धन छुट्टाछुट्टै बैठक, भेला र घरदैलोलाई तीव्रता दिएका छन् । पाँच दलीय गठबन्धनमा आबद्ध दलका नेता आन्तरिक तथा सामूहिक बैठक, छलफल र भेलालाई तीव्र पारेको नेकपा (माओवादी केन्द्र) धनुषाका अध्यक्ष दीपक यादवले जानकारी दिए ।

'गठबन्धनका उम्मेदवारसँगै हामी पनि चुनावी तयारीमा जुटेका छौँ', उनले भने, 'अहिले दलहरूको आफ्नो आन्तरिक तथा गठबन्धनको बैठक, छलफल जारी छ ।' उम्मेद्वारले पनि आफ्नो र दलको एजेन्डा बोकेर जनतामाझ पुग्न थालेका छन् उनको भनाइ छ । एमाले-जसपा गठबन्धनले पनि धनुषाको सबै क्षेत्रमा चुनावी रणनीति बनाउन बैठक, भेला जारी राखेको एमाले नेता रामसुन्दर यादवले बताए । दलका नेता कार्यकर्ता र झण्डासहित उम्मेद्वार गाउँगाउँ पुग्न थालेपछि यतिबेला सहरी क्षेत्रमा मात्र होइन्, ग्रामीण भेगमा पनि चुनावी माहोल बन्दै गएको छ । स्थानीय तहको निर्वाचन सम्पन्न भएको करिब सात महिनापछि पुनः अर्को महत्वपूर्ण जनप्रतिनिधि छनोट गर्ने अवसर आएकाले यसलाई सहीरुपमा सदुपयोग गर्ने तयारीमा मतदाता छन् । अहिले चोकचोकको चिया पसलदेखि ठूलठूला होटलमा चुनावी चर्चा परिचर्चा हुने गरेको छ ।

यसपालिको चुनावमा कुन उम्मेदवार बलियो छ ? कुन उम्मेदवारले बाजी मार्ने ? चुनावी जोड घटाउ भइरहेको स्थानीयले बताएका छन् । जिल्लामा चार प्रतिनिधिसभा निर्वाचन क्षेत्र र आठ वटा प्रदेशसभा निर्वाचन क्षेत्र छन् । सबै निर्वाचन क्षेत्रमा पूर्वमन्त्री तथा पार्टीका केन्द्रीय नेता चुनावी प्रतिस्पर्धामा रहेकाले सहजरूपमा चुनावी परिणाम आँकलन गर्न गाह्रो रहेको राजनीतिक जानकारले बताएका छन् । ती निर्वाचन क्षेत्रमा विभिन्न पार्टीबाट १० पूर्वमन्त्री चुनावी प्रतिस्पर्धामा छन् । क्षेत्र नम्बर १ मा माओवादी केन्द्रका उपमहासचिव तथा पूर्वमन्त्री मातृकाप्रसाद यादव चुनावी प्रतिस्पर्धामा छन् । गत ०७४ सालको निर्वाचनमा तत्कालीन वाम गठबन्धनको उम्मेदवार भएर सो क्षेत्रबाट निर्वाचित भएका उनी यसपटक पाँच दलीय गठबन्धनको साझा उम्मेदवार भएर चुनावी प्रतिस्पर्धामा होमिएका छन् ।

अघिल्लो निर्वाचनमा उनले २६ हजार ४ सय १८ मत ल्याएर निर्वाचित हुँदा उनको निकटतम प्रतिद्वन्द्वी तत्कालीन संघीय समाजवादी फोरमका दीपक कार्कीले १७ हजार २ सय ९६ मत प्राप्त गरेका थिए । यसपटक पुनः यादव र कार्की चुनावी प्रतिस्पर्धामा होमिएका छन् । कार्की जनता समाजवादी पार्टीबाट उम्मेदवार बनेका छन् । एमालेले टिकट नदिएपछि किशोरी साह जनमत पार्टीबाट सो क्षेत्रमा उम्मेदवार बनेका छन् । सो क्षेत्रमा यादव, कार्की र साहबीच त्रिपक्षीय प्रतिस्पर्धा हुने स्थानीयको आँकलन छ । यस्तै क्षेत्र नम्बर २ मा पनि तीन जना पूर्वमन्त्री चुनावी मैदानमा उत्रिएका छन् । धनुषाको पूर्वी दक्षिण क्षेत्र नम्बर २ को प्रतिनिधिसभा सदस्यका लागि नेपाली कांग्रेसबाट पूर्वमन्त्री रामकृष्ण यादव, एमालेबाट पूर्वमन्त्री उमाशंकर अरगरिया, नेकपा (एकीकृत समाजवादी) बाट पूर्वमन्त्री रामचन्द्र झा र जनता समाजवादी पार्टी (जसपा) बाट गंगाराम यादव चुनावी प्रतिस्पर्धामा छन् । गत निर्वाचनमा प्रतिनिधिसभामा संघीय समाजवादी फोरमबाट निर्वाचित अरगरियाले ३२ हजार ४४ मत ल्याएर जित हासिल गर्दा नेकपा माओवादी केन्द्रबाट उम्मेद्वार बनेका पूर्वमन्त्री झाले १८ हजार ७ सय १५ मत प्राप्त गरेका थिए । पूर्वमन्त्री अरगरिया अहिले नेकपा एमालेबाट उम्मेद्वार बनेका छन् भने पूर्वमन्त्री झा नेकपा एकीकृत समाजवादी पार्टीबाट उम्मेदवार बनेका छन् । अघिल्लो निर्वाचनमा तेस्रो स्थानमा खुम्चिएका कांग्रेस नेता तथा पूर्वमन्त्री यादवसँगै जनता समावादी पार्टीले सो क्षेत्रमा गंगाराम यादवलाई उम्मेदवार बनाएको छ । उनीहरूबीच तीव्र प्रतिस्पर्धा हुने स्थानीयको आँकलन छ । मधेस प्रदेशको राजधानी जनकपुरधामसमेत रहेको धनुषा क्षेत्र नम्बर ३ मा एमाले नेत्री जुलीकुमारी महतो र लोसपा वरिष्ठ नेता अनिल झाबीच मुख्य प्रतिस्पर्धा हुने देखिन्छ ।

पाँचदलीय गठबन्धनबाट लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेता झा र एमाले-जसपा गठबन्धनबाट नेत्र महतो उम्मेद्वार छन् । उनीहरू दुवै निवर्तमान प्रतिनिधिसभा सदस्य तथा पूर्वमन्त्री हुन् । महतो यो क्षेत्रका लागि पुरानै अनुहार हुन् भने झा नयाँ अनुहार हुन् । गत ०७० सालको दोस्रो संविधानसभा निर्वाचनमा महतो कांग्रेस नेता विमलेन्द्र निधिसँग पराजित भएका थिए । गत ०७४ सालको निर्वाचनमा कांग्रेस नेता निधि लोसपाका वरिष्ठ नेता राजेन्द्र महतोसँग पराजित भएका थिए । यसपटक निर्वाचनमा कांग्रेस नेता निधि समानुपातिक सूचीमा गएका छन् भने लोसपा वरिष्ठ नेता महतो आफ्नै गृहजिल्ला सर्लाही २ बाट चुनाव लड्नेभएका छन् ।

पुरानो महतो र नयाँ अनुहार झाबीच नै मुख्य प्रतिस्पर्धा हुने धेरैको आँकलन छ । पक्का भएको छ । लोसपा उम्मेद्वार झाको जितको लागि कांग्रेसको मत महत्वपूर्ण छ । यो चुनावमा कांग्रेसको तर्फबाट अन्तरघात हुने कुनै सम्भावना नरहेको नेता रामसरोज यादवले बताए । यसैगरी क्षेत्र नम्बर ४ मा नेपाली कांग्रेस र एमालेका दुई ठूला नेता प्रतिस्पर्धामा छन् । सो क्षेत्रमा पाँच दलीय गठबन्धनको तर्फबाट नेपाली कांग्रेसका सहमहामन्त्री तथा पूर्वमन्त्री महेन्द्र यादव र नेकपा एमालेका सचिव तथा पूर्वमन्त्री रघुवीर महासेठको उम्मेदवारीले त्यहाँ रोचक प्रतिस्पर्धा हुने देखिएको छ । ०७४ सालको निर्वाचनमा पनि दुवै जना चुनाबी मैदानमा उत्रिएका थिए । त्यसबेला महासेठले यादवलाई पराजित गरेका थिए । महासेठले २२ हजार ५ सय ३२ मत ल्याएर जित हासिल गर्दा यादवले १९ हजार ९ सय ९१ मत ल्याएको थिए । पुनः दुवै नेता एउटै क्षेत्रमा आमनेसामने भएपछि चुनाबी सरगर्मी बढेको स्थानीयले बताएका छन् ।

अघिल्लो निर्वाचनमा भन्दा यसपटक निर्वाचनमा राजनीतिक समीकरण फरक रहेकाले चुनाबी परिणाम कसको पक्षमा जान्छ भन्ने अनुमान गर्न कठिन रहेको स्थानीयवासीको भनाइ छ । जिल्लामा २ लाख ५२ हजार ९ सय १५ पुरुष, २ लाख २१ हजार ६ सय ६५ महिला र अन्य सात गरी कुल ४ लाख ७४ हजार ५ सय ८७ मतदाता रहेको मधेस प्रदेश निर्वाचन कार्यालय जनकपुरधामले जनाएको छ । जिल्लामा ३ सय २२ मतदानस्थल र ६ सय पाँच मतदान केन्द्र तोकिएका छन् ।

# संकटग्रस्त क्षेत्रमा प्राधिकरणको टोली

■ सौर्य समाचार

कर्णाली । सरकारले संकटग्रस्त क्षेत्र घोषणा गरेका गाउँ तथा वडापालिकाको अध्ययनका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको टोली जुम्ला आइपुगेको छ ।

यही असोज १९-२४ गतेसम्मको अविरल वर्षापछिको बाढी तथा पहिरोजन्य विपद्ले क्षतिग्रस्त जुम्ला जिल्लाको कनकासुन्दरी, सिंजा, हिमा गाउँपालिका र तिला गाउँपालिका-१, २, ३, ४, ६ र ७ वडालाई तीन दिनअघि सरकारले संकटग्रस्त क्षेत्र घोषणा गरेको थियो । यसको अध्ययन गर्न उपसचिव इञ्जिनियर पवनबाबु बास्तोला संयोजकत्वको तीन सदस्यीय प्राधिकरणको टोली जुम्ला आइपुगेको जिल्ला प्रशासन कार्यालय जुम्लाका सहायक प्रमुख जिल्ला अधिकारी प्रमिला रिजालले जानकारी दिए ।

सरकारले जुम्लालाई संकटग्रस्त क्षेत्र घोषणा गरेपछि जोखिममा परेका बस्तीको अध्ययन गर्न प्राधिकरणबाट टोली आएपछि बुधबार जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसेर प्राधिकरणबाट आएको विज्ञको टोलीलाई प्रत्येक पालिकाले समन्वय र सहजीकरण गर्ने निर्णय भएको उनले बताए । सप्रजिअ रिजालका अनुसार प्रत्येक पालिकाले हालसम्म भएको सम्पूर्ण क्षतिको विवरण वडा विपद् व्यवस्थापन समितिमार्फत सात दिनभित्र जिल्ला विपद् व्यवस्थापन समितिसमक्ष पेस गर्ने निर्णय भएको छ । उनका अनुसार प्राधिकरणको टोली स्थलगत अध्ययनका लागि बुधबार तातोपानी गाउँपालिकामा गएको छ । बाढी तथा पहिरोका कारण विस्थापित परिवारका लागि तत्काल खाद्य तथा गैरखाद्य सामग्री राहतस्वरुप उपलब्ध गराउन गृहमन्त्रालय, प्रदेश सरकार र सरोकारवाला गैरसरकारी संस्थालाई अनुरोध गर्ने निर्णय भएको उनले बताए ।

कर्णाली राजमार्गअन्तर्गत कालीकोट, मान्मा, राँचुली, भिग्म, नाग्म सडकखण्डमा ठूला-ठूला ढुंगा खसी बाटो अवरुद्ध भएको तर सो इलाकामा कालीकोटबाट उद्धार टोली आउन असहज हुने भएकोले जुम्लाबाट नेपाली सेनाको नन्दाबक्स गणलाई सडक विभाग तथा दुवै जिल्लाको जिल्ला प्रशासनसँग समन्वय गरी राजमार्ग सुचारु गर्न सहयोगका लागि अनुरोध गर्ने निर्णय गरेको छ ।

प्राधिकरणबाट आएको टोलीका सदस्य दीपककुमार खड्काले विपद् जोखिम न्यूनीकरण कार्यविधिअनुसार क्षतिको प्रकृति हेरी सरकारले राहत उपलब्ध हुने बताउनुभयो । हिमाली जिल्लाको हकमा बाढी पहिरोपीडित परिवारलाई पाँच लाख, पहाडी जिल्लाको हकमा चार लाख र तराईका जिल्लाका हकमा तीन लाख रुपैयाँसम्म राहत पाउने उनले बताए ।

कार्यविधिअनुसार राहतको व्यवस्थापन गर्दा स्थानीय सरकारले १० प्रतिशत, प्रदेशले ३० प्रतिशत र संघले ६० प्रतिशत सहयोग गर्नैपर्ने उल्लेख छ । पूर्णरूपमा भत्किएका घरको पुनःनिर्माणका लागि समस्या नभएको यद्यपि पुनःस्थापना र बस्ती स्थानान्तरणको निम्ति सरकारलाई समस्या भएको प्राधिकरणले जनाएको छ ।

# १६ वर्षीया निरुको बालविवाह रहर कि वाध्यता ?

■ हस्त चौलागाईं

कालिकोट । नौ जनाको परिवारको लुगा फाटो धुनुपर्ने, बिहान बेलुकाको खाना पकाउने भाडा धुने काम । घरमा भैंसी पनि पालेको थियो । भैंसी र अन्य पशुपन्छीहरूको खानाका लागि घाँसपात निरु आफैंले गर्नुपर्थ्यो । यति मात्र होइन निरुले बिहान उठेर धाराबाट पानी ल्याउनुपर्ने, सासूससुरालगायत अन्य परिवारलाई चिया, खाजा पनि ओछ्यानसम्म पुर्‍याइदिनुपर्ने उनको यो रहर होइनन वाध्यता थियो ।

गाउँघरतिर एउटा उखान छ 'सिन्को भाँची दुई नगर्ने' निरु माइती घरमा हुँदा उखानजस्तै कामको चाप थिएन । 'पोइल गए सुख हुन्छ, गहना लाउन पाइन्छ, नयाँ नयाँ कपडादेखि लिएर श्रीमानको माया पाइन्छ । सधैंभरी श्रीमानले साथ दिन्छ ।' वाइयात सोच बोकेर बिहे गरेर माइती घर छोडेकी म अहिले न घरको नघाटको भएकी छु निरुले गहभरी आँसु लिएर सुनाइन् ।

तिलागुफा नगरपालिका-७ छाप्रे निवासी निरु विष्ट अहिले १९ वर्ष कि भइन् । उनले १६ वर्षको उमेरमा छाप्रे निवासी बलराम भण्डारसँग बालविवाह गरिन् । दुई वर्ष यता उनको श्रीमान सम्पर्कमा छैनन् ।

कहिलेकाहीँ निरुलाई श्रीमानको फोन आउँछ र भन्छन्, 'तँलाई जे मन लाग्छ उही गर अरू कसैसँग



विवाह गर, तेरो र मेरो कुनै सम्बन्ध छैन । कानुनी रूपमा हामी श्रीमान श्रीमती पनि होइनौं ।' श्रीमानको ठाडो जवाफले उनको मन चसक्क हुन्छ । साथीभाइको देखासिखी गरेर उनले विवाह गरेको बताउँछन् । उनले पोइली घरमा गरेको दुःख सम्झँदा नर्कमा रहेको आभास हुने बताइन् । निरु भन्छन्, 'कक्षा ११ को परीक्षा दिएर १६ वर्षको उमेरमा विवाह गरेँ । पोइली घरको कामकाजका कारण धेरै दुःख पाएँ । सानै उमेरमा मन परेर, अरूको देखासिकी गरेर विवाह गरेको श्रीमानसमेत साथमा छैन । अहिले माइती घरमा बसेकी छु ।' बालविवाहका कारण मेरो पढाइमा बाधा भयो । शारीरिक रूपमा पनि केही कमजोरी भएँ । साथीभाइ विवाह गरेकी भनेर गिज्जाउँछन् भन्दै भावुक हुँदै सुनाइन् ।

उनी अहिले कोही कसैले पनि सानै उमेरमा विवाह नगर्नु, साथीभाइको लहलहैमा नलाग्नु, आफू जान्ने भएर, बुझ्ने भएर, धेरै पढेर मात्र विवाह गर्न आफूसँगका साथीहरूलाई सुझाव दिने काम गरिरहेकी छन् ।

बाल विवाहविरुद्ध साझा अभियान नेपाल कालिकोटका संयोजक खडानन्द अधिकारीले परियोजनाबाट उनलाई कक्षा १२ भर्नाका लागि पाँच हजार नगद दिएका छन् । खडानन्द अधिकारीका अनुसार बालविवाहबाट पीडितलाई उद्धार, मनोविमर्स परामर्स सेवा, कानुनी परामर्स, पारिवारिक पुनर्मिलन र कानुनी प्रक्रियामा सहयोग गर्नका लागि बालविवाह विरुद्धको साझा अभियान सधैं लागि पर्ने बताएका छन् ।


## गोदावरी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

(प्रथम पटक प्रकाशित मिति : २०७९/०७/०३)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क र यस गोदावरी नगरपालिकाको आर्थिक ऐन २०७९ को दफा १२ (१) को व्यवस्था बमोजिम आर्थिक वर्ष २०७९/८० को तोकेको अवधिका लागि यस नगरपालिका क्षेत्रमा रहेका खैराना, खुटिया र गोदावरी नदी/खोलाहरुको स्विकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी यस नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भै मिति २०७९।०५।०५ गते प्रथम पटक समेत ३ पटक सूचना प्रकाशन गर्दा कुनै पनि प्रस्ताव पेश हुन नआएको कारण मिति २०७९।०७।०२ गते बसेको कार्यपालिकाको वैठकको निर्णयानुसार उत्खनन हुने कूल परिमाण र मूल्यमा संशोधन भै देहाय बमोजिम कायम भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्म नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/७९ को करचुक्ता प्रमाण पत्र वा सम्बन्धित आ.रा.का.बाट अवधि थप भएको प्रमाण, कानूनी रुपमा योग्य रहेको लिखित घोषणापत्र र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरीएको छ ।

तपशिल :

| क्र.सं. | आन्तरिक आय ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) रु. | धरौटी रकम (रु.) | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १ | NCB/IR/GM/**01**/2079/80 | खुटिया, खैराना र गोदावरी नदीबाट नदीजन्य पदार्थ विक्री शुल्क संकलन | ५,५०,००,०००।- (पाँच करोड पचास लाख मात्र) | ३१,१०,०००।- | ५,०००।- |

शर्तहरु :

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर वापत एन.आई.सी.एशिया बैंक, अत्तरिया शाखा कार्यालयमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ०७१२०५१४९८६२२०११ मा उल्लेखित बोलपत्र दस्तुर नगद जम्मा गरेको सक्कल भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र यस कार्यालयबाट बोलपत्र कागजात खरिद गर्न सकिने छ । बोलपत्र दर्ता १६ औं दिनको दिउसो १२:०० बजेभित्र यस कार्यालयमा गरी सक्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा हुन गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ । दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २ बजे बोलपत्रदाता वा निजको प्रतनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । धरौटी रकम रु.३१,१०,०००।०० (अक्षरुपी एकतिस लाख दश हजार मात्र) यस कार्यालयको एन.आई.सी.एशिया बैंक, अत्तरिया शाखा कार्यालयमा रहेको धरौटी खाता नं. ७१४१४९८६२२५२४००१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजतप्राप्त क वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र खोल्ने दिनदेखि १२० (एक सय बीस) दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नुपर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराईटरको नाम, ठेगाना, फोन नं./मोबाईल नं., इमेल ठेगाना समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:००. बजे भित्र दर्ता गर्नुपर्नेछ ।

४. प्रि-बिड बैठक मिति २०७९ कार्तिक १४ गते दिनको २:०० बजे गोदावरी नगरपालिका कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

५. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ३० (तिस) प्रतिशतले हुने मू.अ.कर सहीतको रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो तथा तेश्रो किस्तावापत ७० (सत्तरी) प्रतिशतले हुने मू.अ.कर समेतको रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त क वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८० साल आषाढ मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ (तेह्र) प्रतिशत रकम समेत सोही बमोजिम यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्र दाताले छुट्टै बुझाउनुपर्नेछ ।

६. ठेक्का अवधि सम्झौता भएका मितिदेखि २०८० सालको ज्येष्ठ मसान्तसम्म हुनेछ । कबोल गरेको रकम एकमुष्ट अग्रिम रुपमा बुझाएमा ५% सम्म रकम छुट दिन सकिनेछ तर नियमानुसार लाग्ने मु.अ.कर प्रयोजनका लागि भने छुट दिईने छैन ।

७. ठेक्का रकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ :

| किस्ता | किस्ता बुझाउनुपर्ने मिति | रकम |
|---|---|---|
| पहिलो | सम्झौता हुँदाका बखत | कबोल अंकको ३०% ले हुन आउने रकम तथा सो को मू.अ.कर समेत |
| दोश्रो | २०७९ साल माघ मसान्तभित्र | कबोल अंकको ४०% ले हुनआउने रकम तथा सो को मू.अ.कर समेत |
| तेश्रो | २०८० साल बैशाष मसान्तभित्र | कबोल अंकको ३०% ले हुनआउने रकम तथा सो को मू.अ.कर समेत |

८. तोकिएको समयमा कार्यालयलाई ठेक्का रकम नबुझाएमा वार्षिक १० (दश) प्रतिशत्‌का दरले हर्जाना सहित असूल उपर गरिनेछ ।

९. ठेकेदारले कामदारहरुकालागि प्राथमिक उपचारका साथै मास्क, हेलमेट आदीको व्यवस्था मिलाउन ढुवानीका साधनहरुलाई जानकारी गराउनुपर्नेछ ।

१०. ठेकेदारले ३/३ महिनामा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । साथै सोही समयमा कार्यालयबाट प्रमाणित गरी लगेको प्रयोग भएका अर्धकट्टी नगदी रसिद पनि फिर्ता गर्नुपर्ने छ । कार्य सम्पन्न भएपछी अषाढको पहिलो साताभित्र अन्तिम विवरण सहीत नगदी रसिदका बाँकि अर्द्धकट्टीहरु पेश गर्नुपर्नेछ ।

११. ठेकेदारले नदीजन्य पदार्थ संकलन तथा उत्खनन् हुने घाटगद्धी स्थल सम्बन्धीका खर्चहरु स्वयं आफैले व्यहोनु पर्नेछ र बिक्री शुल्क संकलनगर्ने दर प्रति घन मिटर रु. १०६/- (अक्षरुपी एक सय छ मात्र) र सो को मू.अ.कर समेत हुनेछ ।

१२. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्र्दभमा यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, यस नगरपालिकाबाट जारी भएका कानून, सुदूरपश्चिम प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ ।

१३. यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

सौर्य दैनिक
SOURYA NATIONAL DAILY

## सम्पादकीय

# तिहारका नाममा विदेशी सामान

नेपालीको दोस्रो ठूलो चाड तिहार सुरु हुन अब दुई दिन मात्रै बाँकी छ । तिहारका लागि आवश्यक बस्तुको किनमेलका लागि बजारमा भिड बढ्न थालेको छ। तिहारमा भाइ मसला, लत्ताकपडा लगायतका उपहारजन्य बस्तु, झिलिमिलि बत्ती तथा फूलको माला अत्यधिक खपत हुन्छ । यी बस्तुहरू कति मूल्य बराबरका खपत हुन्छन् ? भन्ने एकीन तथ्यांक छैन । तर प्रतिव्यक्ति सरदर एक हजार रुपैयाँ अनुमानित खर्चको हिसाब गर्ने हो भने पनि ३० अर्ब रुपैयाँ हुन्छ । यो त न्यूनतम रकम हो । तर, नेपालको दुर्भाग्य के छ भने तिहारका लागि प्रयोग हुने यी प्रायः सबै बस्तुहरू विदेशबाट आयातित हुन् । यस वर्ष बिलासी बस्तुको आयातमा सरकारले प्रतिबन्ध लगाएका कारण भाइ मसला तथा झिलिमिलि बस्तुको मूल्य अत्यधिक बढेको छ । एकातिर आयात प्रतिबन्ध र अर्कातिर अत्यधिक मूल्य बढेका कारण भारतबाट तस्करी हुन थालेको छ । यसरी तस्करी हुँदा ठूलो परिमाणमा राजस्व गुमेको छ । काला व्यापारीहरू मोटाएका छन् । विगतका दुई वटा तिहार कोरानाका कारण नेपालीहरूले मन फुकाएर मनाउन पाएनन्, यसपटक मन फुकाएरै मनाउँदै छन् । त्यसैले ठूलो रकम बिदेसिने अवस्था बनेको छ ।

तिहार हामी नेपालीको मौलिक चाड हो । तिहारको बेला, मीठो मसिनो खाने, मनोरञ्जन गर्ने प्रचलन धेरै पुरानो हो । यो प्रचलनले विगतमा नेपालको आर्थिक अवस्थालाई राम्रै गरेको थियो । आफ्नै देशको गाउँमा उत्पादित बस्तु सहर बजारमा पुग्थ्यो, सहर बजारमा उत्पादित बस्तु गाउँमा पुग्थ्यो । सेलरोटी लगायतका परिकारहरू घरमै बन्थे । स्वदेशमा उपलव्ध फलफूलकै प्रयोग हुन्थ्यो । आफ्नै बारीको कपासबाट कातिएका बत्ती आफ्नै गाउँठाउँको कुमालेले तयार गरेका पालामा, आफ्नै बारीको तोरी पेलेर उत्पादन गरिएको तेलमा भिजाएर बाल्ने गरिन्थ्यो । आफ्नै गाउँको दर्जी दाइले सिलाएको नयाँ टोपी लगाइन्थ्यो । जसका कारण तिहार पर्वले रोजगारी पनि सिर्जना गर्ने गर्थ्यो । तर आजभोलि घरमै बन्ने रोटी तथा मिठाइको ठाउँ विदेशबाट आयातित भाइ मसलाले विस्थापित गरिदिएको छ । दीपावलीका नाममा विदेशबाट आयातित झिलिमिलि बत्तीको प्रयोग हुन थालेको छ । दिदीबहिनीले दाजुभाइलाई भड्किला उपहार दिने र दाजुभाइले पनि दिदीबहिनीलाई नगद दक्षिणाको सट्टा विदेशबाट आयातित भड्किला जिन्सी उपहार दिने प्रचलन बढ्न थालेको छ । जसका कारण तिहारको मौलिकता त हराउँदै गएको छ नै, सँगसँगै देश कंगाल बन्दै गएको छ । हाम्रा चाड पर्वहरू विदेशी बस्तु खपत हुने माध्यम बन्न थाल्नु भनेको ठूलो चिन्ताको विषय हो ।

अरू बेला विदेशी उत्पादन प्रयोग गरे पनि चाडवाडका बेला स्वदेशी उत्पादन प्रयोग गर्नुपर्छ भन्ने मान्यता विगतमा थियो । देवकार्य र पितृ कार्यका लागि आफ्नै घरको कृषि उपज अनिवार्य चाहिन्छ भन्दै जोहो गरेर राख्ने चलन विगतमा थियो । जसका कारण चाडपर्वहरूले देशको अर्थतन्त्र बलियो बनाउन योगदान पुर्‍याएका थिए । तर पछिल्लो समय नेपालीहरूको जीवनशैली बदलिएसँगै खर्च गर्ने संस्कारसमेत बदलिएको छ । काला बजारीयासँग खरिद गरेरै भए पनि विदेशबाट आयातित भाइ मसला, झिलिमिलि बत्ती प्रयोग गर्नुभन्दा प्रयोग नै नगर्दा पनि हुन्छ । विकल्प अपनाउन सकिन्छ । सरकारले यस्तो गरेन, उस्तो गरेन भन्दै सामाजिक संजालमा अर्ती उपदेश दिने, चोक, चौतारी र चिया पसलमा बसेर कुरा काट्दै दिन बिताउने तर आफूले भने सरकारले आयातमा प्रतिबन्ध लगाएका बस्तु तस्करमार्फत काला बजारीसँग मोटो रकममा खरिद गर्ने प्रवृत्ति नेपालमा बढेर गएको छ । देशको ढुकुटी जोगाउने कामको सुरुआत व्यक्ति आफैँबाट गर्नुपर्छ । अत्यावश्यकीयबाहेक विदेशी समान प्रयोग गर्दै नगर्ने, केही महँगो भए पनि स्वदेशी उत्पादन प्रयोग गर्ने हो भने देश आफैँ समृद्ध हुन्छ । विदेशी हस्तक्षेप आफैँ घट्छ । छिमेकी मुलुक भारत र चीनका जनताबाट पनि हामी नेपालीले सिक्नुपर्छ । भारतीय जनताले विदेशी समान बहिष्कार गरेरै अंग्रेजहरूलाई घुँडा टेकाइदिएका होइनन् र ? तर हामी स्वदेशी सामानलाई आफैँ विस्थापित गर्दै छौँ, अनि सरकारलाई गाली गर्दै छौँ । सरकारले विलासी बस्तु आयातमा लगाएको प्रतिबन्धलाई सफल बनाउने कर्तव्य हामी जनताको हो ।

# कार्यकर्ताहरू बाका गुलाम भएर मन्द विष पिउँदैछन्



सरोज दिलु

गठबन्धन सरकार आमचुनावसम्मै टिकेपछि बामालेहरूको मुटुमा ढ्यांग्रो बजेको छ । सत्ता गुमाउनुको पश्चात्ताप जत्तिकै अब पुनः सत्ता पाइने हो या होइन भन्ने पिरलो छ । ओलीलाई अब मेरो थोत्रो ओलिटिक्स्ले माखो नमर्ने भयो भन्ने पीर पनि छ । त्यसैले बामाले नेताहरूले नयाँ-नयाँ कार्डहरू फालेर गठबन्धन भत्काउन हरसम्भव लागि परे । अन्ततः गठबन्धनका विरुद्ध लठबन्धन बनाउन पुगे ।

गठबन्धनको औधी डर छ, बालाई । गठबन्धन भत्काउनलाई पछिल्लो कार्ड हो- नागरिकता विधेयक । नागरिकता विधेयकमा अहिलेकै प्रस्ताव हुबहु राखी बाले अध्यादेश ल्याउँदा राष्ट्रपति कार्यालयमा दर्ता भएको पाँच मिनेटमै प्रमाणीकरण भएको थियो । यसपालि भने दुई वटा सदनबाट दुई/दुईपल्ट पास भएर आउँदा समेत विधेयक प्रमाणीकरण भएन । यसको अर्थ हुन्छ, 'राष्ट्रपति संस्थामा हिजो पनि एमालेकरण भएको थियो, आज पनि भइरहेको छ, जुन एमालेको चाहनाअनुसार मात्र चल्दछ ।'

एमसिसी पास गर्दा एमालेले दोहोरो रोल निभायो । पास गर्ने कि, नगर्ने भन्दा ऊ मौन रह्यो । एमाले बोलेको भए समाजवादी र माओवादीले समेत एमसिसी रद्द गर्ने थिए । तर मुखमा रामराम बगलीमा छुरा बोकेर राजनीति गर्ने ओलीबालाई भारतलाई बिच्काउनु पनि थिएन र गठबन्धलाई कमजोर बनाउनुपर्ने पनि थियो । त्यसैले उनीहरूको ८३ जना सांसद हुँदाहुँदै जम्मा ४५ जना उपस्थित भएको संसद्मा २३ जनाले 'हुन्छ' भन्दा एमसिसी पास हुनपुग्यो । जबकि एमालेका २४ जना उपस्थित भइदिएर 'हुन्न' भनिदिएको भए एमसिसी पासै हुन्नथ्यो । तर, एमालेका भक्त गुलामहरू, ओलीका लागि विष पिउन तयार हुनेहरू यतिबेला गठबन्धनलाई राष्ट्रघाती भनिरहेका छन् । र, उनीहरू गाउँमा बस्ने सोझासिधा जनतालाई 'हो हो एमसिसी भनेको कांग्रेस माओवादी र समाजवादीले नै पास गरेको हो, ती राष्ट्रघाती हुन्, एमाले चोखो र यो नै राष्ट्रवादी हो' भनेर भ्रम पार्न सफल भएका छन् ।

चुच्चे नक्सा ओलीबाको ठाडो निर्देशनले वितरण हुन रोकिएको पनि बाका लागि विष पिउने कतिपयलाई थाहा छैन । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीका एजेन्टले रातारात ओलीको सातो लिएपछि त्यो नक्सा रोकिएर लिम्पियाधुरा-लिपुलेकको बाटो चौडा बनेको भन्ने कुरा एमाले रैतीजनलाई मालुम छैन । त्यसैले तिनीहरू बालाई खास्सा हलेसी-देउता देखिरहेका छन् र त्यसको सम्पूर्ण दोष गठबन्धन दलहरूलाई दिइरहेका छन् ।

पार्टी फुटाएर खरानी बनाएको भनेर माधवपक्षलाई एकथरी अरिंगालहरू एकोहोरो चिल्न खोजिरहेका छन् । तर मौरीको घारमा मह भरिएपछि एकथरी काला डाँठहरू (भाले मौरी), जो मिहिनेत गर्ने पोथीमौरीको कमाई बसीबसी खान्छन् र तिनै रानीमौरीलाई चिल्छन् । पीडित र मिहिनेती मौरीहरू त्यसवेला स्वभावतः बाहिरिन्छन् । त्यस्तै डाँठहरू एमालेमा भरिएपछि तिनका पीडा सहन नसकेर माधवपक्षहरू डाँड्बाट बाहिरिएका हुन् ।

एमालेमा ५०औँ वर्ष योगदान दिएका, जुझारु, देश हाँक्न सक्षम र अब्बल वैचारिक कार्यकर्ता नभएका होइनन् । तर उनीहरूलाई बाले मन्द विष पिलाउँदै काखमा राखेर सुमसुम्याउँदै घाँटी रेटिरहेका छन् । तिनीहरू विचरा ऐया आथोसमेत गर्न पाइरहेका छैनन् । मन्दविषमा आनन्द मान्ने सामान्य कार्यकर्तालाई ओली भनेको विष्णु भगवान्को सास्वत् रूप हो जस्तो लागिरहेको छ । लिम्पियाधुरा-लिपुलेक र एमसिसीको मुद्दाको भ्रमले ओलीलाई उनका रैतीहरूले राष्ट्रवादी बनाइदिएका छन् । स्थानीय तहका कार्यकर्ताहरूमा ओली नै राष्ट्रका लागि चाहिने खास्सा नेता भन्ने भ्रम छ । बिचरा यी कार्यकर्ताहरूलाई उनीहरू आफैँले गरेको त्याग तपस्याको मूल्यको ज्ञान पनि छैन, न त उनीहरूको परिश्रममा चाहर्दै र आउँदै खाँदै हिँड्ने, ल्याइते र ब्याइतेहरूको हस्तक्षेप बढेको थाहा छ । लाग्छ, 'उनीहरू रानोको बचाउका लागि आगोमा ज्यान फाल्ने अरिंगाल हुन्, आलोचक चेतना भएका मार्क्सवादी कार्यकर्ता होइनन् ।' भल-बाढीमा समेत एकोहोरो हामफालीरहने यस्ता भेडो कार्यकर्ता भएपछि ओली किन बलिया नहुन् र ! अवसरका लागि चाहर्दै हिँड्ने आइते जाइते बादल लगायतका नेताहरूलाई पनि सजिलै भएको छ ।

एमाले इतरका दलहरूको दिमागसमेत घुच्चुकमा छ । यिनीहरू ओलीले सारा सेटिङ, भेटिङ र फिटिङ गरेपछि मात्र थाहा पाएर प्रतिक्रियामा उत्रने गरेका छन् । एमसिसीको खेलको बारेमा समेत दलहरूमा यस्तै देखियो । अहिले नागरिकता विधेयकमा चुनावी राजनीति गरेको पनि धेरै नेताहरूलाई थाहै छैन । सम्भवतः यही नागरिकताको मुद्दाले एमालेले बहुमत ल्याइदियो भने अनि मात्र चेत्नेछन् गठबन्धन नेताहरू । ओलीले गठबन्धनका नेताहरूको कमजोरी पत्ता लगाएरै जनताको आक्रोसको आगोमा घिउ थपेका हुन् । चुनावको टिकट वितरण, नागरिकता विधेयक र एमसिसीका कारणले कांग्रेस, माओवादी र समाजवादीमा देखिएको असन्तुष्टीको आगो बल्दैछ । गैरनेपालीलाई नेपाल भित्रिनासाथ नागरिकता

**एमाले इतरका दलहरूको दिमाग समेत घुच्चुकमा छ । यिनीहरू ओलीले सारा सेटिङ, भेटिङ र फिटिङ गरेपछि मात्र थाहा पाएर प्रतिक्रियामा उत्रने गरेका छन् । एमसिसीको खेलको बारेमा समेत दलहरूमा यस्तै देखियो । अहिले नागरिकता विधेयकमा चुनावी राजनीति गरेको पनि धेरै नेताहरूलाई थाहै छैन । सम्भवतः यही नागरिकताको मुद्दाले एमालेले बहुमत ल्याइदियो भने अनि मात्र चेत्नेछन् गठबन्धन नेताहरू । ओलीले गठबन्धनका नेताहरूको कमजोरी पत्ता लगाएरै जनताको आक्रोसको आगोमा घिउ थपेका हुन् । चुनावको टिकट वितरण, नागरिकता विधेयक र एमसिसीका कारणले कांग्रेस, माओवादी र समाजवादीमा देखिएको असन्तुष्टीको आगो बल्दै छ । गैरनेपालीलाई नेपाल भित्रिनासाथ नागरिकता दिएर मुलुकलाई फिजी वा सिक्किमीकरण गर्न लागेको भनेर एमालेले सर्वसाधारणमा मात्र होइन, गठबन्धन दलका अगुवा कार्यकर्तामा समेत भ्रम छर्न सफल भएको छ**

दिएर मुलुकलाई फिजी वा सिक्किमीकरण गर्न लागेको भनेर एमालेले सर्वसाधारणमा मात्र होइन, गठबन्धन दलका अगुवा कार्यकर्तामा समेत भ्रम छर्न सफल भएको छ ।

परिणामतः दुवै दलका धेरै कार्यकर्तालाई भड्काउनमा एमाले सफल भएको पनि देखिन्छ । अझ चुनावी प्रचारप्रसारमा भन्दैछन्, 'देख्यौँ गठबन्धन भनेको ? राष्ट्रघाती एमसिसीपास गर्ने यही हो, एसपिपी पनि पास गर्नै लागेको थियो, हामीले रोकेको हो । नत्र अहिलेसम्म अमेरिकी सेना आएर हामी नेपालीलाई गोलीले भुटिसक्थ्यो, हाम्रा चेलीबेटीहरू दिन दहाडै चौतारामा राखेर बलात्कार गर्दथ्यो, अहिले नागरिकता विधेयक राष्ट्रपतिले प्रमाणीकरण गरेको भए यो चुनावमा सबै भारतीय उम्मेदवार हुन्थे र तिनले संसद्मा जितेर मुलुकलाई भारतमा गाभिसक्थे । त्यसैले मुलुकको रक्षाका लागि हामीले नै नागरिकता विधेयक पास गर्न दिएनौँ ।' अझ राष्ट्रपति भण्डारीले कथंकदाचित राजीनामा दिइहालेको भए एमालेहरूले भन्ने थिए, 'हामीपदको लागि देश बेच्नेहरू होइनौँ, हामीलाई सत्ताको लालच छैन, राष्ट्रियताका लागि हामी जुनसुकै पद लात मार्न सक्छौँ, हेर, त्यसैले राजीनामा दियौँ, अब आगामी चुनावमा हामीलाई बहुमत दिनुस्, हामी यो देश बचाउँछौँ, नागरिकताबिहीन सबैलाई नागरिकतासमेत दिनेछौँ ।' पैसा र रक्सीमा भोट बेच्ने जनताहरूले यही भ्रममा एमालेलाई बहुमत दिए भने हामीले अचम्म मान्नु पर्दैन ।

अन्ततः चुनावमा गठबन्धनको विरुद्धमा एमालेले लठबन्धन बनाएको छ । अर्थात् ०४६ साल र ०६२/६३ को आन्दोलन दबाउने कमल थापालाई त सूर्य चिन्ह नै बेचेको छ । सूर्यचिन्ह कार्यकर्ताका लागि आफ्नी आमाभन्दा प्यारो अस्मिता हो । तर उनीहरू ओलीको मन्दविषका कारण अस्मिता रक्षा गर्ने अवस्थामा समेत छैनन् । उनीहरूलाई लागेको छ, 'पार्टी, पार्टीको अस्मिता, झण्डा, चुनाव-चिन्हभन्दा अहं कुरा केपी ओली नै हो । सूर्य चिन्हकै लागि माधव नेपाललाई छाडेर जाने १० भैयाहरू समेत मौन छन् । उनीहरू सूर्य चिन्हलाई ओलीको एकल निर्णयले मण्डलेकरण गरिँदा पनि बोल्दैनन् । यसर्थ, विचार सिद्धान्त, रणनीतिका वर्गदुश्मन र व्यवस्था विरोधी राष्ट्रिय प्रजातन्त्र पार्टीसँग लठारिँदै सहकार्य गर्नु भनेको लठबन्धन नै हो । आखिर पञ्चायत व्यवस्थाका हिमायती राजतन्त्र र हिन्दूवादीहरूसँग लठबन्धन गर्ने हो भने पञ्चायत किन फालेको, गणतन्त्र किन ल्याएको ? ती आन्दोलनहरूमा जनतालाई किन मराएको ? त्यसको जवाफ ओलीले दिनुपर्छ कि पर्दैन ? अथवा ओलीका लागि विष पिउनेहरूले यी प्रश्नहरू सोध्नुपर्छ कि पर्दैन ? अझ आफ्ना होनहार कार्यकर्ताहरूलाई टिकट नदिएर ओलीलाई कालो भष्मासुर भनेर नामाकरण गर्ने उपेन्द्र यादवहरूलाई टिकट दिनु कुन नैतिकता हो ? यी प्रश्न नसोधी भल-बाढीमा हाम फाल्न जाने एमाले कार्यकर्ताहरू भेडा हुन् कि होइनन् ?

बाको चाल दोस्रो तहका नेताहरूलाई समेत थाहा छैन । उनी अब आफ्नो उत्तराधिकारीका रूपमा विद्या भण्डारीलाई नै ल्याउन चाहन्छन् । राष्ट्रपतिबाट अलग भएपछि ओलीले विद्यालाई पार्टी नेतृत्वको कार्यकारी पद दिनेछन् र अर्कोपल्ट प्रधानमन्त्री बनाउनेछन् । त्यसपछि फेरी विद्यालाई राष्ट्रपतिमा दोहोर्‍याउनेछन् । यसकारण ओली र विद्या भण्डारीले आजीवन राजकीय पद खानेछन् । यो खेलमा सुषुप्त ढंगले ओली लागिरहेका छन् । र, ओलीले आदेश दिँदा विष पिउन तयार भएका ईश्वर पोखरेल, शंकर पोखरेल, सुभाष नेवाङ, भीम रावल, देवी ज्ञवालीहरू समेत भ्रम र नशामा छन्, यतिबेला ।

# सम्झनामा शताब्दी पुरुष, सत्यमोहन जोशी



विनोद पौडेल

नेपाल विविध किसिमका मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाले भरिपूर्ण देश हो । संस्कृति, रीतिरिवाज, चालचलन, भाषाभाषीको विविधता भएको मुलुक हो, नेपाल । चार वर्ण, ३६ जातको साझा फूलबारीमा सबैजना अटाउन सक्ने साझा चौतारी भएको मुलुक हो । यस्तो पवित्रता अन्य मुलुकमा पाउन मुस्किल छ । एउटै देश तर फरकफरक परिवेश हिमाल, पहाड, तराईको समिश्रण, जो जहाँ भए पनि हामी नेपाली । हिमालमा बस्नेको आफ्नै भाषा संस्कृति रहनसहन हुन्छ । त्यस्तै पहाड र तराईमा बस्नेको पनि आ-आफ्नै भाषा संस्कृति रहनसहन चालचलन फरक-फरक रहेको पाइन्छ । यस्तै लोक संस्कृतिको जगेर्ना गर्ने दूरदराजमा गएर अध्ययन गर्ने त्यहाँका मौलिकतालाई संकलन गरी एउटा मूर्त रूप दिन लामो समयदेखि निरन्तर लागिरहनुभएको यस्ता व्यक्ति, जो अब हामी माझ रहनुभएन ।

संस्कृतविद वाङ्मय शताब्दीपुरुष सत्यमोहन जोशी, जसको नाम सुन्नासाथ उहाँको कर्मप्रति जानकार नहुने व्यक्ति सायदै कमै हुनुहुन्छ होला । गत आइतबार १ सय ३ वर्षको उमेरमा उहाँको देहवसान भयो । उहाँलाई मुटु र प्रोस्टेटको समस्या थियो । कमजोरी बढेपछि असोज ७ गते किस्ट मेडिकल कलेजको इमर्जेन्सी वार्डमा भर्ना गरिएको थियो । रगत परीक्षणको क्रममा उहाँलाई डेंगु संक्रमण पुष्टि भएको थियो । उपचारकै सिलसिलामा आइतबार बिहान ७ बजेर ९ मिनेटमा जोशीको निधन भएको थियो । जोशीको निधनको शोकमा सरकारले एक दिन सार्वजनिक बिदासमेत दिएको थियो ।

उहाँको पार्थिवको अन्त्येष्टि गरिएन, उहाँका दुई छोरा अनुराज र पूर्णराजले शंखमूलस्थित बागमती घाटमा बाबुको जन्मकुण्डली जलाएर अन्त्यष्टि गरे । परिवारले जोशीको शव भने ललितपुरस्थित किस्ट मेडिकल कलेजलाई हस्तान्तरण गरेको छ । जोशीले आफू जीवित हुँदै शरीर दान गर्ने इच्छापत्रमा हस्ताक्षर गरेका थिए । सोही बमोजिम जोशीको पार्थिवलाई मेडिकल कलेजमा अध्ययन अनुसन्धानका निमित्त राखिने भएको छ । संस्कृतिविद् जोशीले ३० माघ ०७७ मा एक औपचारिक कार्यक्रमबीच आफ्नो शेषपछि पार्थिवलाई अध्ययन प्रयोजनका लागि किस्ट मेडिकल कलेजलाई हस्तातरण गर्ने घोषणा गरेका थिए ।

आजभन्दा करिब पाँच वर्ष पहिले यो पंक्तिकारले सत्यमोहन जोशीसँग साक्षात्कार गर्ने अवसर पाएको थियो । राष्ट्रिय अभिलेखालयद्वारा जोशीको बायोग्राफी बनाउने सिलसिलामा छायांकन तथा अन्तर्वार्ता लिनेक्रममा उनको बारेमा निकै जानकारी लिने अवसर प्राप्त भएको थियो । सामान्य जीवनशैली, इतिहासका जानकार र जिउँदो साक्षी रूपमा उहाँ हुनुहुथ्यो । यस्तो व्यक्ति जो प्रष्ट वक्ता मात्र हुनुहुन्थेन, उहाँले सम्झनसक्ने उमेरदेखि वर्तमानसम्मका सम्पूर्ण घटनाक्रमलाई सहजै व्यक्त गर्ने सक्ने खुबी उहाँको थियो । अब हामी माझ हुनुहुन्न । तर उहाँका कार्यहरू भने अविष्मरणीय रहेको छ । लोक संस्कृति जगेर्नाका निमित्त उहाँले गर्नुभएको कार्य सायदै बिर्सन सकिन्न । सोही अन्तर्वार्ताका क्रममा उहाँले अभिव्यक्त गर्नुभएको जीवनशैली, भोगाइ, प्राप्तिलगायत यावत विषयलाई नजिकबाट नियाल्दाको त्यो क्षणलाई फर्केर सम्झदा ।

**जोशीलाई फर्केर सम्झदा :**

सामान्य परिवारमा जन्मनुभएको जोशीको दैनिकी पनि सामान्य नै रहने गर्दथ्यो । सादा जीवन उच्च विचारका धनी हुनुहुन्थ्यो । बिहान उठ्नुभन्दा अगाडिदेखि उहाँलाई भेट्न आउने शुभचिन्तक/शुभेच्छुकहरूको घुइँचो हुन्थ्यो । उहाँलाई बिहान आफ्नै दैनिकी कार्य गर्न पनि भ्याइ-नभ्याइ हुने देखिन्थ्यो । बिहानको नित्य कर्म र आँगनमै रहेको बुबाआमाको मूर्ति घरछेउ बगैँचामा रहेको मन्दिर दर्शन पश्चात् उहाँको दिनचर्या सुरु हुने गरेको मैले पाएको थिएँ । त्यसपछि भेट्न आउनेलाई समय मिलाएर भेटघाट कार्यमा व्यस्त रहनुहुन्थ्यो । उमेरले ०७६ सालको वैशाख ३० गतेदेखि सय वर्ष टेक्नुभएको थियो, तैपनि त्यतिबेलाको जोश र जाँगर भने युवाअवास्थाकै जत्तिकै थियो । उमेरले

**नेपाली साहित्य जगतको सिंगो इतिहास बोकेका जोशीले तीनपटक मदन पुरस्कार प्राप्त गर्नुभएको थियो । जुन पुरस्कार तीनपटक प्राप्त गर्ने उहाँ नै पहिलो व्यक्ति हुनुहुन्छ । ०१३ सालमा 'हाम्रो लोक संस्कृति नामक गद्य कृतिले पहिलोपटक मदन पुरस्कार दिलाएको थियो भने ०१७ सालमा 'नेपाली राष्ट्रिय मुद्रा' नामक ग्रन्थबाट दोस्रोपटक मदन पुरस्कार प्राप्त गर्नुभएको थियो । त्यस्तै 'कर्णाली लोक संस्कृति' नाम ग्रन्थबाट उहाँसहित पाँच जनाले मदन पुरस्कार जित्न सफल हुनुभएको थियो । जुन ग्रन्थमा कर्णाली अञ्चलको दुर्गम क्षेत्र नेपाली भाषाको व्युत्पत्तिको थलो सिञ्जा खोला उपत्यकाको लोक संस्कृति सर्वेक्षण गरिएको थियो**

सय वर्ष लागे पनि उहाँलाई कुनै त्यस्तो रोगले समाएको थिएन तर पछिल्लो समय रोगले च्याप्दै गर्दा संसारबाटै बिदा लिनुपर्‍यो । उहाँले आफ्नो जीवनकालमा लौरो र चस्माको साहारा लिनुपरेको देखिएन । सधैँ नेपाली पोसाक दौरा, सुरुवाल र टोपीमा सजिने जोशी टोपी नलगाई कुनै कार्यक्रममा सहभागिता जनाउनु नै हुँदैनथियो ।

१९७७ वैशाख ३० गते ललितपुर जिल्लाको बखुंबहालमा जन्मनुभएका जोशी बाल्यावस्थामा औषत उमेरभन्दा पनि लामो समयसम्म आमाको दूध चुस्नु भएकोले लामो समयसम्म बाँचेको बताउँनुहुन्थ्यो । दरबार हाई स्कुलबाट एसएलसी पास गर्नुभएको जोशीले त्रि-चन्द्र कलेजमा त्यसपछिको शिक्षा लिनुभयो । कलेजको समयमा दिनभर कक्षामा पढ्न बस्नु नपर्ने खाली समयमा बाहिर निस्कन मिल्ने भएकाले जोशी बेलाबेलामा त्रि-चन्द्र कलेजसँगै रहेको भाषा अनुवाद सेन्टरमा जाने गर्नुहुन्थ्यो, जहाँ जोशीले माधवप्रसाद घिमिरे, लक्ष्मीप्रसाद देवकोटा लगायतका साहित्यकारसँग भेटघाट गर्ने अवसर पाउनु भयो । यही अवसरका कारण एसएलसीपश्चात साहित्यमा ढल्किनुभएको जोशी उहाँहरूको भेटपछि थप साहित्यमा लाग्न ऊर्जा प्रदान गरेको बताउनुहुन्थ्यो ।

पुरातत्वको विषयमा जान्दै नजान्नु भएको उहाँलाई तत्कालीन सरकारले पुरातत्व विभागको निर्देशकको पदमा रही कार्य गर्न नियुक्ति दिएको थियो । उहाँको विभाग अन्तर्गत वीर पुस्तकालय पर्ने रहेछ, उहाँ सुनाउनुहुन्थ्यो । एकदिन वीर पुस्तकालयमा गएर हेर्दा त कहिँ नभएका विभिन्न हस्तलिखित ग्रन्थ, भोटे पात्रो चिनियाँ पात्रोलगायत छुट्टाछुट्टै विभिन्न सामग्री संकलित रहेको देखेर अचम्मित हुनुभएको सम्झना गर्नुहुन्थ्यो । पछि जोशीले पुस्तकालयमा यत्रतत्र राखिएका त्यस्ता सामग्रीलाई व्यवस्थित तवरले संग्रहालयमा राख्ने निर्णयनुसार भक्तपुरमा संग्रहालयसमेत बनाउनुभएको थियो ।

भारत, श्रीलंका, न्युजिल्यान्ड, चीन, उत्तर कोरिया, रुस, युके, अमेरिका, क्यानडा लगायतका देशहरूको भ्रमण गर्नुभएको जोशी पुरातत्व विभागमा निर्देशक रहँदा केही विदेशीसँग ज्ञान बटुलेको बताउनुहुन्थ्यो । उहाँको कार्यकालमा संस्कृति तथा पुरातत्वसम्बन्धी धेरै उपलब्धीमुलक काम भएको बताउनुहुन्थ्यो । छोटो अवधिमा पुरातत्वसम्बन्धी धेरै राम्रा काम भएका थिए । लोक संस्कृतिको जगेर्नामा सिंगो इतिहास बोकेको सत्यमोहन जोशी साहित्य सिर्जना, इतिहास संकलनको कार्यकै सिलसिलामा नै विभिन्न पेसामा रही जागिरे पनि रहनुभयो ।

२००१ देखि २००६ सम्म औद्योगिक व्यापारिक समाचार संग्रह अड्डामा अफिसरको जागिरबाट सुरु हुँदै, २००६ देखि ०१३ सम्म सुपरीवेक्षक संख्या विभागमा, ०१४ देखि ०१५ सम्म प्रोग्राम अफिसर, राष्ट्रिय योजना परिषद्मा त्यसै गरी पुरातत्व र संस्कृति विभाग निर्देशक पदमा रही ०१५ देखि ०१७ सम्म कार्य गर्नुभयो । त्यस्तै नेपाली भाषा, साहित्य र संस्कृति क्वाम्पोसुन महाविद्यालयमा ०२२ देखि ०२५ सम्म प्रशिक्षक रहँदै पछि नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ०२६ देखि ०३० सम्म सहसदस्य, त्यस्तै नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमै सदस्यसचिव भएर ०३१ देखि ०३५ सम्म कार्य गर्नुभयो । नेपाल भाषा केन्द्रीय विभाग, पाटन संयुक्त क्याम्पस, त्रिभुवन विश्वविद्यालयमा प्रशिक्षकको रूपमा रही कार्य गर्नुभएको थियो ।

सरकारले ०७४ वैशाख २१ गते सत्यमोहन जोशीलाई वाङ्मय शताब्दीपुरुष उपाधि दियो । त्यसभन्दा अगाडि ०७१ मंसिर ५ गते शताब्दी पुरुष घोषणा गर्दै नगदसहित सम्मान गरेको थियो । त्यति बेला उहाँ ९५ वर्षको हुनुहुन्थ्यो । उहाँको जन्म शताब्दीको अवसरमा तत्कालीन सरकारले एक हजार रुपैयाँको चाँदीको सिक्का र १० रुपैयाँको हुलाक टिकटसमेत प्रकाशित गरेको थियो । जोशी सय वर्ष पुग्दा ललितपुर महानगरपालिकाले सार्वजनिक बिदासमेत दिएको थियो । ललितपुर महानगरपालिकाले जोशीलाई निःशुल्क गाडी र सुरक्षा उपलब्ध गराउने निर्णयसमेत गरेको थियो ।

नेपाली साहित्य जगतको सिंगो इतिहास बोकेका जोशीले तीनपटक मदन पुरस्कार प्राप्त गर्नुभएको थियो । जुन पुरस्कार तीनपटक प्राप्त गर्ने उहाँ नै पहिलो व्यक्ति हुनुहुन्छ । ०१३ सालमा 'हाम्रो लोक संस्कृति' नामक गद्य कृतिले पहिलोपटक मदन पुरस्कार दिलाएको थियो भने ०१७ सालमा 'नेपाली राष्ट्रिय मुद्रा' नामक ग्रन्थबाट दोस्रोपटक मदन पुरस्कार प्राप्त गर्नुभएको थियो । त्यस्तै ' कर्णाली लोक संस्कृति' नामक ग्रन्थबाट उहाँसहित पाँच जनाले मदन पुरस्कार जित्न सफल हुनुभएको थियो । जुन ग्रन्थमा कर्णाली अञ्चलको दुर्गम क्षेत्र नेपाली भाषाको व्युत्पत्तिको थलो सिञ्जा खोला उपत्यकाको लोक संस्कृति सर्वेक्षण गरिएको थियो ।

लामो समय लोक संस्कृति, भाषाका क्षेत्रमा कलम चलाउनुभएको जोशीका निकै कृति प्रकाशन भएका छन् । महाकाब्य, नाटक, बालकविता, निबन्ध संग्रह, वर्णमाला, व्याकरण, कथा, जीवन प्रकाशन गर्नुभएको छ । विशेषतः नेपाल भाषामा करिब ४० कृति प्रकाशित भएका छन् भने नेपाली भाषामा ३० हाराहारी पुस्तक प्रकाशन भएका छन् । यस्ता कर्मक्षेत्रमा लाग्दा जोशीले निकै पुरस्कार प्राप्त गरिसक्नुभएको छ । उहाँले प्राप्त गर्नुभएको पुरस्कार क्रमशः श्रेष्ठ सिरपा पुरस्कार, लाकौल सिरपा पुरस्कार, मदन पुरस्कार (तीनपटक) आदिकवि भानुभक्त पुरस्कार, त्रिभुवन प्रज्ञा पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार, भूपालमान सिंह कार्की पुरस्कार, लुनकरण गंगादेवी पुरस्कार, पुष्पलाल राष्ट्रिय पुरस्कार प्राप्त गर्नुभएको छ भने मिथिला श्री र राष्ट्रिय कलाश्रीले सम्मान पाउनुभएको छ । विख्यात त्रिशक्ति पट्ट, सुप्रबल गोरखा दक्षिणबाहु, प्रसिद्ध गोरखा दक्षिणबाहु, उज्ज्वलकीर्तिमय राष्ट्रदीप, महाविद्यावारिधी त्यस्तै महाउज्ज्वल राष्ट्रदीप प्रथम श्रेणीबाट विभूषितसमेत हुनुभएको छ ।

# तीन वर्षपछि पुरानै लयमा बेनी बजार



■ सौर्य समाचार

गलेश्वर । 'बेनीको बजार, जता माया उतै छ नजर, किरेमिरे जाले रुमाल...'

चर्चित यो गीतका हरफमा भनिएझैँ जता नजर लगाए पनि सुन्दर देखिने म्याग्दीको बेनी बजार पर्यटकको आगमनसँगै पुनः पुरानै लयमा फर्किएको छ ।

कोभिड-१९ को महामारीअघि यहाँ दैनिक सयौँ आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल हुने गरेकामा ०७६ चैतदेखि ०७८ भदौसम्म यहाँको चहलपहल शून्य भएको थियो । तर, गत वर्षको भदौदेखि संक्रमणदर घटेसँगै विस्तारै चलायमान हुन थालेको यहाँको व्यापार व्यवसाय यस वर्षको सुरुआतदेखि नै सुधार हुँदै आएकामा गत असोजको पहिलो सातादेखि पुनः पुरानै लयमा फर्किएको हो । मौसम सुरु भएसँगै यतिबेला सदरमुकाम बेनीमा आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल सुरु भएको छ ।

बेनीबजारमा अहिले नवौँ राष्ट्रिय खेलकुदअन्तर्गत तेक्वान्दो र महिला भलिबल खेल भइरहेको छ । खेल हेर्न विभिन्न जिल्लाबाट दैनिक दुई हजार बढी दर्शक बेनी बजारमा आउने गरेका छन् । म्याग्दी नदी र कालीगण्डकीको संगमस्थलमा अवस्थित बेनीबजार प्राकृतिक सुन्दरताले मात्रै होइन ऐतिहासिक दृष्टिकोणलेसमेत महत्वपूर्ण रहेको छ । इतिहासकारका अनुसार नेपाल एकीकरणका क्रममा गोरखा राज्यले बेनी कब्जा गर्ने बेलासम्म बेनीमा बस्ती थिएनन् ।

१८४३ सालपछि मात्र बस्ती बस्न थालेको बेनी बजारमा तत्कालीन समयमा भोट, तिब्बत र मधेसको प्रमुख व्यापारिक नाकासमेत थियो । सो नाकापछि हाट बजारमा परिणत हुँदै अहिलेको बेनी बजार विस्तार भएको बताइएको छ । बेनी बजार प्राकृतिकरूपले अत्यन्त सुन्दर छ । म्याग्दीको प्रवेशद्वारका रूपमा बेनी बजार रहेको छ ।

पुनहिल, घोडेपानी, रुप्से झरना, अन्धगल्छी, गलेश्वर, धवलागिरि हिमालजस्ता विश्वप्रसिद्ध पर्यटकीयस्थल रहेको म्याग्दी जिल्लाको सदरमुकाम बेनी बजारमा तीन वर्षपछि पुनः चहलपहल बढेको स्थानीय व्यापारीले बताएका छन् । कोभिड-१९ को त्रासका कारण पर्यटक आउन सक्ने वातावरण नभएपछि सुनसान बनेका पर्यटकीयस्थलमा असोज सुरु भएपछि पर्यटकको भीड लाग्न थालेको छ । व्यापार व्यवसाय बढ्न थालेको छ । पर्यटकीयस्थल पर्यटकको प्रतिक्षा गरिरहेका छन् ।

१८४३ सालसम्म बेनीमा लाग्ने हाट मेलाले वैदेशिक व्यापारको रूप लिएपछि व्यापार व्यवस्थित गर्नका लागि पर्वत राज्यले बेनीमा अस्थायी मुकाम राख्न थालेको मोहनबहादुर मल्लद्वारा लिखित 'पर्वत राज्यको इतिहास' नामक पुस्तकमा उल्लेख छ ।

इतिहासकार चन्द्रप्रकाश बानियाँका अनुसार त्यतिबेला पर्वत राज्यको राजधानी ढोलठानामा थियो । राजा दिलीपबम मल्ल (डिम्ब मल्ल) गर्मीमा ढोलठान र जाडोमा बेनी झर्ने गर्दथे । जाडो छल्नका लागि मात्र ढोलठाना दरबार बेनी झर्न थालेको होइन भन्ने कुरा राजकुलो निर्माण गरेर दरबारले नै खेती गर्न थालेको सिङ्गा नझरेर बेनी झर्न थालेबाट स्पष्ट हुने उनले जानकारी दिए ।

पर्वत राज्यको इतिहासका जानकार बानियाँका अनुसार बेनीको पहिलो बस्ती कामीको हो । हतियार निर्माणका लागि उनीहरूलाई बेनी राखिएको हो । गोरखाले बेनी कब्जामात्रै गरेन, दरबारमा आगजनी गरेर ध्वस्त बनाएको थियो । दरबारको त्यही खरानीमा बेनीको बजार बसेको हो ।

उनका अनुसार १८४३ सालपछि मात्र बेनी बजारमा बस्ती विस्तार हुन थालेको हो । बेनीमा नेवार बस्ती बसिसक्दा पनि बेनीको मुख्यबजार पारिबेनी थियो । बाग्लुङ मुस्ताङतिरको थोक बजार पारिबेनी नै थियो । बेनीमा स्कुल पाठशाला नखुल्दै पारि बेनीमा मिडिल स्कुल थियो । त्यही स्कुलपछि मल्लाज स्थानान्तरण भएको हो । पारी बेनीको स्कुल मल्लाज उक्ले पछि मात्र बेनीमा विद्यालय खुलेको इतिहासकार बानियाँले बताए । बेनीमा विद्यालय खुलेपछि बस्ती विस्तार हुनेक्रम बढ्दै गएको उनको भनाइ रहेको छ ।

अहिले बजारको स्वरूप फेरिएको छ । जतातत‌ै कंक्रिट नै कंक्रिटका भव्य घर ठडिएका छन् । वैदेशिक रोजगारीका कारण गाउँबाट सहर झर्नेको क्रम तीव्ररूपमा बढेको छ । गाउँ खाली भए पनि बजार भरिएको छ । घरजग्गाको कारोबार गर्ने व्यापारीका अनुसार अब बेनीमा घडेरीका लागिसमेत जग्गा पाइन छोडेको छ ।

पर्यटकलाई लक्षित गरेर करोडौंको लगानीमा स्तरीय होटल, रेस्टुराँ निर्माण गरिएको छ । बैंक तथा वित्तीय संस्था मौलाएका छन् । यहाँको जीवनस्तरले काँचुली फेरेको छ । वार्षिक चार अर्बको हाराहारीमा विप्रेषण भित्रिने म्याग्दीमा पर्यटन व्यवसाय पनि उत्तिकै फस्टाउँदै गएको छ । होटल र यातायात क्षेत्रमा यहाँका व्यवसायीले ठूलो लगानी गरेका छन् ।

बेनी नगरपालिकाको ७ र ८ गरी दुई वटा वडामा समेटिएको बेनीबजार ५ सय १२ हेक्टर क्षेत्रफलमा फैलिएको छ । १४ दशमलव ४५ जनघनत्व रहेको बेनी बजारमा ०६८ सालको जनगणनाको तथ्यांकअनुसार दुई हजार घरधुरी र सात हजार जनसंख्या रहेको छ ।

# बेवारिसे र बूढो गाईको संरक्षण गर्न गौ संरक्षण केन्द्र

■ सौर्य समाचार

दमौली । तनहुँको व्यास नगरपालिका-१० स्थित मादी नदी किनारमा गाईका भीड चरिरहेका देखिन्छन् । झट्ट हेर्दा यति धेरै गाई कसले पाल्यो भन्ने मनमा उब्जिन्छ । मादी नदी किनार भतेरीमा गाई संरक्षण केन्द्र बनाइएको छ । गाई संरक्षण केन्द्रमा एक सय गाई छन् ।

छाडा चौपाया व्यवस्थापन गर्ने उद्देश्यसहित यहाँ व्यास नगरपालिकाको सक्रियतामा संरक्षण केन्द्र सञ्चालन गरिएको छ । केन्द्रमा व्यास नगरपालिकाभित्रका विभिन्न ठाउँहरूबाट ल्याउने गरिएको केन्द्रका अध्यक्ष प्रजापति सापकोटाले जानकारी दिए ।

'केन्द्रमा व्यास नगरपालिकाभित्रका गाई संरक्षण गर्दै आएका छौँ, केहीले झुक्याएर अन्यत्रबाट पनि ल्याएका होलान्, त्यो अब थाहा हुने कुरा पनि भएन', सापकोटाले भने । केन्द्रमा रहेका गाईलाई खुवाउन परालको व्यवस्थापन नगरपालिकाले गर्दै आएको छ । केन्द्रमा तीन कर्मचारी खटाइएको छ । उनीहरूको पारिश्रमिकको व्यवस्था पनि नगरपालिकाले गर्दै आएको छ ।

तीन जनामध्ये एक जनाले घाँस काट्ने काम गर्दै आएका छन् भने दुई जनाले केन्द्रभित्रै काम गर्ने गरेका छन् । केन्द्रमा गाई ल्याउँदा एउटा गाईको दुई हजार शुल्क लिने गरिएको छ । केन्द्रमा संकलन भएको रकम थप पराल खरिदका लागि खर्च गर्ने गरिएको छ ।

बर्खाका बेला गाईलाई घाँसे मैदानमा चराउने गरिएको छ । 'मादी नदी किनारमा हरियो घाँसे मैदान छ, त्यही मैदानमा गाई चराउने गरिएको छ', सापकोटा भन्छन्, 'हिउँदमा पराल खरिद गर्छौं ।' केन्द्रमा दूध दिन छाडेका, थुनेलो भएका, बूढा भएका र बेवारिसे भएका गाई ल्याउने गरिएको छ । 'बूढा भएका गाई मरे केन्द्र नजिक ५० मिटर तल रहेको खाल्डो नजिक राखिदिने गरेका छौँ, मरेको गाई खान गिद्ध आउने गरेका छन्', उनले भने, 'एउटा गाई एक दिनभरमा गिद्धले खाइसक्छ, हड्डी खाल्डोमा हालेर पुर्ने गरेका छौं ।'

दुई सय रोपनी क्षेत्रफलमा फैलिएको केन्द्रका कारण यहाँ आसपास गिद्ध देखिन थालेका छन् । केन्द्रका कारण विगत केही वर्षयता लोप हुँदै गएको गिद्ध यहाँ आउने गरेका छन् । 'गिद्ध देख्नै रहर भइसकेको थियो, अहिलेका युवापुस्ताले त गिद्धका बारेमा जान्ने अवसर पनि पाउँदैनथे होला', उनले भने, 'एउटा गाई मरेका बेला यहाँ दुई सयभन्दा बढी गिद्ध आउँछन् ।' केन्द्र आसपास सात किसिमका गिद्ध देखिन्छन् ।

जिल्लाकै शुक्लागण्डकी नगरपालिकाले पनि छाडा चौपाया व्यवस्थापनमा लागि केन्द्र सञ्चालन गर्दै आएको छ । नगरपालिका क्षेत्रभित्र जथाभावीरूपमा चौपाया छाड्दा दुर्घटनाको जोखिम बढेपछि नगरपालिकाले केन्द्र सञ्चालन गरेको हो ।

शुक्लागण्डकी नगरपालिका-९ घारीमा १७ लाखको लागतमा केन्द्र बनाएर गाई संरक्षण गर्दै आइएको छ । संरक्षण केन्द्र सञ्चालनका लागि गीता महतको संयोजकत्वमा गौ संरक्षण समिति गठन गरिएको छ ।

दूध दिन छाडेपछि कृषकले जथाभावी गाईवस्तु छाडिदिने गरेको र पोखरा महानगरपालिकाबाट गाईवस्तु शुक्लागण्डकीमा भित्रिन थालेको थियो । स्थानीय तहको निर्वाचनपछि छाडा चौपायाको विषयलाई तत्काल समाधान गर्न स्थानीयवासीले नगरपालिकालाई पटक-पटक आग्रह गर्दै आएका थिए ।

Lumbini Province
Road Infrastructure Development Office
Gulmi, Nepal

**INVITATION FOR BIDS**

**IFB No:03/079-80**

(First date of Publication: *3rd Kartik 2079 (20th Oct, 2022)*)

1. Road Infrastructure Development Office, Gulmi invites **only electronic bids** from eligible bidders for the construction of the contract mentioned in table below:

| S. N. | Name of Works | Contract ID | Amount Excluding VAT | Bid Fee | Bid Security Amount |
|---|---|---|---|---|---|
| 1. | *Upgrading of Angaha-Ramme-Bokhar Motarable Road, Chhatrakot Gapa-04* | *RIDO/GUL/W/NCB/ROAD/22/079-80* | 1,269,069.17 | NRs. 3000 for Each Contract | 30,000 |
| 2. | *Upgrading of Dotaha-Bisauna-Motarable Road Chhatrakot Gapa-04* | *RIDO/GUL/W/NCB/ROAD/23/079-80* | 1,269,029.08 | | 30,000 |
| 3. | *Upgrading of Pipalneta-Digam-Hardineta-Gairikhutta-Daugha Road, Chhatrakot Gapa* | *RIDO/GUL/W/NCB/ROAD/24/079-80* | 1,692,069.51 | | 40,000 |
| 4. | *Upgrading of Bhanbhane-Hadhade-Ninukharka-Pipaldhara-Nayagaaun-ChaldiBarbot Road,Dhurkot Ga Pa* | *RIDO/GUL/W/NCB/ROAD/25/079-80* | 1,692,273.16 | | 40,000 |
| 5. | *Upgrading of Sundarpokhara-Nayagau-Bastu-Kukharakhola Road, Dhurkot Ga Pa* | *RIDO/GUL/W/NCB/ROAD/26/079-80* | 1,691,919.98 | | 40,000 |
| 6. | *Upgrading of Hulaka-Bastu-Barbot-Nadi-Hadhade-Lohari Road, Dhurkot Ga Pa* | *RIDO/GUL/W/NCB/ROAD/27/079-80* | 1,269,049.98 | | 30,000 |
| 7. | *Upgrading of Bakharechada-Bhadgaaun-Bhagghat Road, Resunga Na Pa* | *RIDO/GUL/W/NCB/ROAD/28/079-80* | 9,30,705.56 | | 22,000 |
| 8. | *Upgrading of Harrapat-SapaudeSadak, Resunga-10* | *RIDO/GUL/W/NCB/ROAD/29/079-80* | 25,38,423.94 | | 60,000 |
| 9. | *Upgrading of Kaule-Tolanga-Bhaldi-Rangbas-Darimpata-Sadak, Resunga-10,11* | *RIDO/GUL/W/NCB/ROAD/30/079-80* | 12,69,220.19 | | 30,000 |
| 10. | *Upgrading of Gwadi-Bhanjyang-Kondra-Bharek-Tarukhsadak, Ruru-06* | *RIDO/GUL/W/NCB/ROAD/31/079-80* | 1,828,123.58 | | 45,000 |
| 11. | *Upgrading of Sarkateri-SunpoteSadak, Malika-05, Malika Ga Pa.* | *RIDO/GUL/W/NCB/ROAD/32/079-80* | 9,30,706.00 | | 22,000 |
| 12. | *Upgrading of Khirraka Rukh-MehaleMa.Bi.- Mahabir-GayaliChour Malika Road,Malika Ga Pa.* | *RIDO/GUL/W/NCB/ROAD/33/079-80* | 12,69,100.00 | | 30,000 |
| 13. | *Upgrading of Deurali- Khalachour Napi Karyalaya-Budaghar-Gaira Hudai Bidhut Chowk Road Gulmi, Resunga Na Pa.* | *RIDO/GUL/W/NCB/ROAD/34/079-80* | 25,38,425.00 | | 60,000 |

2. Interested eligible bidders may obtain further information from Road Infrastructure Development Office, Gulmi or may visit E-procurement section of PPMO's web Site http://www.bolpatra.gov.np/egp.

# पहिराले रामपुर नहर बन्द हुँदा धानबालीमा असर

■ सौर्य समाचार

पाल्पा । पाल्पा जिल्लाकै सबैभन्दा ठूलो सिँचाइ आयोजनाका रूपमा सञ्चालनमा रहेको रामपुर नहर पहिराले बन्द भएको छ । गत असोजको अन्तितिर परेको अविरल वर्षाले नहरका विभिन्न ठाउँमा क्षति पुऱ्याउँदा बन्द हुन पुगेको हो । नहर बन्द भएपछि धानबालीमा असर परेको किसानको गुनासो छ ।

रामपुर फाँट सिँचाइ आयोजना जल उपभोक्ता समितिबाट सञ्चालन हुँदै आएको यस नहर पहिराले बन्द हुँदा धानबालीमा सिँचाइको समस्या निम्तिएको छ । पसाउन लागेका, कोही पसाउँदै गरेको अवस्थामा रहेको धानबालीलाई पर्याप्त सिँचाइ दिन नपाउँदा उत्पादनमा ठूलो असर पर्ने रामपुर-३ मटेरी बस्ने विष्णु गौतम बताउँछन् ।

'नहरमा पानी बन्द भएको करिब १० दिन भइसक्यो, धानलाई मुख्य सिँचाइ दिनुपर्ने समयमा सिँचाइ गर्न नपाउँदा वर्ष दिन खाने खेतीको उब्जनी नै घट्दा हामी किसान मारमा परेका छौँ', उनले भने, धान रोप्ने समय, गोडमेल गर्ने, पसाउने समयमा बर्सेनि नहरमा पहिराले क्षति पुगेकै हुन्छ । यसले गर्दा किसानले बाली लगाएर ढुक्कसँग उत्पादन लिन पाइन्छ या पाइँदैन सधैँ अन्योलमै खेती गर्न बाध्य छन् । हेडबक्स नजिकै सोलीघोप्टे र जामुनेमा करिब २५-२५ मिटर, कमिरेको दुई स्थानमा १५-१५ मिटर, रजघराको कामीगाउँबाट तल २५ मिटर पहिरो खस्दा नहरमा पानी बन्द भएको उपभोक्ता समितिका अध्यक्ष हिरण्यराज रेग्मीले बताए । 'पहिरो पन्छाउने काम भइरहेको छ, ठाउँठाउँमा नहरदेखि माथिका भागबाट ठूलाठूला ढुंगासहित पहिरो खसेकाले काम गर्न समय धेरै लागेको हो', उनले भने, 'अबको दुई-तीन दिनभित्रमा काम सम्पन्न गरेर पानी सञ्चालन गर्नेछौँ ।'

अध्यक्ष रेग्मीका अनुसार हाल विभिन्न ठाउँमा गरी दैनिक ३८ कामदार परिचालन गरेर पहिरो पन्छाउने काम भइरहेको छ । सानो बजेटले काम गर्न उपभोक्ता समितिलाई कठिनाइ परेको छ । 'नहरलाई व्यवस्थित बनाउन बजेट अभाव छ, पुरानो संरचना मर्मतसम्भार गर्नुपर्ने अवस्थामा छन्, पुनःनिर्माणमार्फत काम गर्नुपर्ने देखिएको छ, सानो बजेटले काम गर्न गाह्रो छ, यसका लागि माथिल्लो निकायमा बजेट माग गरिरहेका छौँ', उनले भने ।

गत वर्ष लुम्बिनी प्रदेश सरकारमार्फत ५० लाख बजेट प्राप्त भई विभिन्न ठाउँमा मर्मतसम्भारको काम भएको र यस वर्ष केन्द्रबाट ८० लाख बजेट परेको उनले जानकारी दिए । निस्दीखोलाको पानीलाई सोलीघोप्टे नजिकै बाँध बाँधेर ०४६ सालमा रामपुरमा झण्डै २२ किमी परबाट सिँचाइका लागि पानी ल्याइएको हो । ०४६ फागुन १० गते नहरको विधिवतरूपमा उद्घाटन गरिएको थियो ।

नहरमा पहिरो गएपछि इलाका प्रशासन कार्यालय रामपुरका प्रमुख भगवानभक्त अर्याल, इलाका प्रहरी कार्यालय रामपुरका प्रहरी सहायक निरीक्षक मोहन खत्री क्षेत्री र नहरका उपभोक्ता समितिका अध्यक्ष हिरण्यराज रेग्मी, पत्रकारसहितको टोलीले मंलबार स्थलगत निरीक्षण गरेको छ ।

फेटा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फेटा, बारा
मधेश प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मितिः २०७९/०७/०३**

यस गाउँपालिका अन्तर्गत तपशील अनुसारको ठेक्का नं. मा उल्लेखित कार्यको लागि मिति २०७९/०५/२० गते राष्ट्रिय दैनिक पत्रिका The Kathmandu Post मा प्रकाशित वोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार तोकिएको मितिभित्र रित पूर्वक दर्ता हुन आएका वोलपत्रहरुमूल्यांकन समितिबाट न्यूनतम मूल्यांकित भई सारभूत रुपमा प्रभावग्राही देखिई स्वीकृतीको लागि तपशील बमोजिमका बोलपत्र छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ को प्रयोजनार्थ वोलपत्र पेश गर्ने सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशील**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | वोलपत्रदाता नाम र ठेगाना | कवोल अंक (मु.अ कर.समेत) |
|---|---|---|---|---|
| 1 | PRM/NCB/01/079/080 | Supply Of Necessary Electrical Materials | Rishav Construction, Mahagadhimai-02 | **1,61,54,706.00** |

# चलचित्र क्षेत्रलाई सुविधा नदिएको गुनासो



■ सौर्य समाचार

काठमाडौं । नेपाली चलचित्र क्षेत्रलाई राष्ट्रिय उद्योगका लागि राज्यले सहयोग नगरेको निर्माताहरुले गुनासो गरेका छन् । परिवर्तन नेपालले बुधबार नवनिर्वाचित चलचित्र निर्माता संघका पदाधिकारीको स्वागत तथा सम्मानमा आयोजित कार्यक्रममा उनीहरुले राज्यले चलचित्र उद्योगलाई सुविधा नदिएको जिकिर गर्दै विदेशमा नेपाली चलचित्रको प्रवर्द्धनका लागि कुनै पनि कार्य नगरेको जनाए ।

उनीहरुले नेपाली चलचित्रलाई वेवास्ता गर्दै विदेशी चलचित्र प्रदर्शनलाई महत्वका साथ बढी हल दिने प्रवृत्तिविरुद्ध आफूहरु लडिरहनु परेको बताए । संघका नवनिर्वाचित अध्यक्ष नवल खड्काले आफूहरुलाई गरिएको स्वागत तथा सम्मान निर्माताको हकहितमा जुट्न अझ प्रेरित गरेको बताए । उनले भने, 'नेपाली चलचित्र उद्योगलाई जोगाउन निर्मातहरुसँग सबै चलचित्रकर्मीको साथ हुनुपर्दछ ।' खड्काले नेपाली चलचित्रको प्राथमिकताका लागि हलवालाहरुको संस्था नेपाल चलचित्र संघका पदाधिकारीसँग वार्ता भएको र उनीहरुले आफ्नो मागलाई महत्व दिने प्रतिबद्धता जनाएको बताए ।

कार्यक्रममा परिवर्तन नेपालका अध्यक्ष तथा नेपाल चलचित्र कलाकार संघका उपाध्यक्ष मोहन निरौलाले पछिल्लो समय नेपाली चलचित्र उद्योगमा धेरै विकृति भित्रिएको जिकिर गरे । उनले भने, 'नेपाली चलचित्रमा राष्ट्रियता र मौलिकतालाई महत्व दिन अझ प्रेरणा मिलोस् भनेरै हामीहरुले संस्थामार्फत सम्मान तथा स्वागत गरेका हौं ।' उनले कला र संस्कृतिलाई राज्यले विशेष महत्व दिनुपर्नेमा जोड दिए ।

संघका निवर्तमान अध्यक्ष आकाश अधिकारीले राष्ट्रिय उद्योगको मान्यता पाए पनि राज्यबाट चलचित्रले पाउनुपर्ने सुविधा नपाएको बताए । सो कार्यक्रममा नेपालकी प्रथम अभिनेत्री भुवन चन्दले नेपाली चलचित्र उद्योगमा विकृति छाएको बताउँदै यसको अन्त्यका लागि सबैले सकारात्मक पहलकदमी लिनुपर्ने विचार व्यक्त गरिन् । यस्तै, अग्रज अभिनत्री वसुन्धरा भुसालले चलचित्रकर्मीबीच एकले अर्कालाई खुट्टा तान्ने प्रवृत्ति बढेको सुनाइन् ।

# 'तिमी पहिले' मा रोमान्टिक ऋचा र दिब्यदेव

■ सौर्य समाचार

काठमाडौं । गत शुक्रबारदेखि देशव्यापी प्रदर्शनमा आएको चलचित्रको 'हिजो आजका कुरा' मा समावेश तेस्रो गीत 'तिमी पहिले' सार्वजनिक भएको छ । चलचित्रको यो गीतमा अभिनेत्री ऋचा शर्मा र अभिनेता दिव्यदेव फिचर छन् । प्रेमिल भावको गीतमा गायक हर्कुलस बस्नेत र गायिका सन्ध्या जोशीको स्वर रहेको छ । गीतमा गायक हर्कुलस कै शब्द तथा संगीत छ । अभिनेता सन्तोष पन्त निर्मित चलचित्रले दर्शकको उत्साहजनक प्रतिक्रिया पाइरहेको निर्माण पक्षले जनाएको छ ।

साकार पन्त निर्देशित चलचित्रको यो गीत सोलुखुम्बुको हिमाली भेगमा छायांकन गरिएको हो । रवि सायमीले खिचेको गीतको कलर र सम्पादन विनय कंसाकारले गरेका हुन् । चलचित्रमा नेपाली युवाको विदेशमोह, सन्तान विदेशिएपछि अभिभावकले भोग्नुपरेको एक्लोपन, वैवाहिक जीवनका असमझदारी, पुनर्विवाह लगायतका थुप्रै व्यावहारिक विषयलाई प्रस्तुत गरिएको छ ।

पन्त फिल्म प्रोडक्सनको ब्यानरमा निर्मित चलचित्रको कथा अभिनेता पन्तकै हो भने पटकथा सन्दिप किस्नाको छ । चलचित्रको कार्यकारी निर्माता प्रतिभा पन्त, सह-निर्माता बैकुण्ठप्रसाद उपाध्याय (अशोक) र सचितकुमार मिश्र रहेका छन् । चलचित्रमा अभिनेता सन्तोष पन्त, साकार पन्त, रमा थपलिया, केकी अधिकारी, ऋचा शर्मा, दिब्यदेव, रिमा बिश्वकर्मा, स्व.जयनन्द लामा, लक्ष्मी भुसाल, जेविका कार्की, रमेश अधिकारी, मञ्जु श्रेष्ठ, विनय कुँइकेल, अनुष्का अधिकारी, निराजनप्रसाद अर्याल, सविन शाक्य, कमला रेग्मी, रिहान केसी लगायतले अभिनय गरेका छन ।

## छिन्नमस्ता गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
छिन्नमस्ता, सप्तरी
मधेश प्रदेश, नेपाल

## उपभोक्ता सचेतनासम्बन्धी छिन्नमस्ता गाउँपालिकाको सूचना

- ✓ कुनै पनि समान खरिद गर्दा वस्तु वा सामानको मूल्य सूचि, उपभोग्य मिति, उत्पादनको नाम,सामानको मिश्रणको अवस्था हेरी उपयुक्त लागेमा मात्र खरिद गरौं ।
- ✓ कानुन बमोजिमको खरिद बिल पाउनु उपभोक्ताको अधिकार हो । सामान खरिद गरेपछी बिल लिएर सुरक्षित बनौं ।
- ✓ मिसावट भएको, शंकास्पद, उपभोग्य मिति फेरबदल गरिएको र गुणस्तरहिन सामान बिक्रि गर्न राखेको फेला परे तत्काल नगरपालिकाको कार्यलयमा उजुरी गरौं ।
- ✓ व्यवसायीहरुले नियम अनुसार आफ्नो व्यावसाय दर्ता गरौं, व्यावसाय प्रमाणपत्र समयमै नविकरण गरौं ।
- ✓ व्यवसायीहरुले आफ्नो उत्पादनमा उत्पादनमा, उत्पादनको नाम, उत्पादन मिति, उपभोग्य समय, मूल्य, समिश्रण, तौल र व्याच नं. अनिवार्य रुपमा राख्नु होला ।
- ✓ नेपालमा उत्पादन नभएका र नेपालका लागि भनेर नतोकिएका खाद्य पदार्थ बिक्री वितरण नगर्नु नगराउनु होला ।
- ✓ चाड पर्वहरु नजिकिदै जाँदा व्यवसायीहरुले फुटपाथ तथा ड्रेनमा अबरुद्ध हुनेगरी सामानहरु राखिएको पाइएकोले फुटपाथ अबरुद्ध हुने गरी सामानहरु नराख्नुहोला ।
- ✓ व्यवसायीहरुने म्याद गुज्रिएका, लेवल बिनाका तथा अखाद्य वस्तुहरुलाई छुट्टै राखी उपभोक्ता स्वास्थ्य तथा खाद्य गणस्तर कायम राख्न सहयोग गरिदिनुहोला ।

### स्वास्थ्यसम्बन्धी छिन्नमस्ता गाउँपालिका बासीमा सचेतना

**१. गर्मीयाममा अपनाउनुपर्ने कुराहरू :**
◆ सढेंगलेका बासी खानेकुराहरु नखाऔं । ◆ पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं । ◆ लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं । ◆ पुरा बाउला भएको कपडा लगाऔं । ◆ घरपरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं । ◆ घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाऔं ।◆ समय समयमा स्वास्थ्य परीक्षण गरौं ।

**२. गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरू :**
◆ नियमित स्वास्थ्य जाँच गरौं । ◆ पोषणयुक्त खानेकुरा खाउँ/खुवाऔं । ◆ चिकित्सकको सल्लाहअनुसार भिटामिन/आइरन चक्की खुवाऔं । ◆ गर्ववती महिलालाई ४/६/८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं । ◆ प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔं ।

**३. नवजात शिशुलाई स्याहार कसरी गर्ने :**
◆ नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको बिगौती दुध खुवाऔं । ◆ नवजातशिशुलाई आमाको नाङ्गो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं । ◆ जन्मना साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ । ◆ शिशुको नाभी काटिसकेपछि सक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।

**४. झाडापखलाबाट बच्न निम्न उपायहरू अपनाऔं :**
◆ चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसापिसाप पनि चर्पीमा नै विर्सजन गरौं । ◆ चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धोऔं ।

## साउदी अरब र बहराइनमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: SAMSUNG C&T CORPORATION शहर: SAUDI
पुर्व स्वीकृत मिति: २०७९/०७/०२ चलानी नं.: ६०१८९७१५ L.T. No.: 274061

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,000 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: SAMSUNG C&T CORPORATION शहर: SAUDI
पुर्व स्वीकृत मिति: २०७९/०७/०२ चलानी नं.: ६०१८९७१४ L.T. No.: 274060

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,000 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी: KTM ROPE ACCESS BAHRAINI PARTNERSHIP COMPANY शहर: Bahrain,Al Hamalah
पुर्व स्वीकृत मिति: २०७९/०५/०९ चलानी नं.: ६०१८८३४० L.T. No.: 272672

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Rope Access Technician | 10 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५२,३१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Rope Access Cleaner | 10 | 0 | | 120 | ४१,८५३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक १४ गते (31 October 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**ब्लू स्काई ईन्टरनेशनल प्रा. लि.**
महाराजगंज, चुनदेवी, गैरीमार्ग, काठमाडौं
(ब्राजिलियन राजदूताबासको पछाडी)
पो.ब.नं. १९३४६, फ्याक्स नं.: ४७२१८८८, फोन नं. ०१-४७२१६३३
application@blueskyint.com.np मा सिधै Apply पनि गर्नसक्नु हुनेछ ।

## लक्ष्मी बैंक लिमिटेडका ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानतकर्ता तथा ऋणीसँग सम्बन्धित सबैलाई ऋण कर्जा चुक्ता गर्ने तथा धितो लिलाम बिक्रीको लागि गोप्य सिलबन्दी वोलपत्र आव्हान गरेको १५ दिने सार्वजनिक सूचना ।

(प्रकाशित मिति : २०७९/०७/०३)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्नु भएको ऋण कर्जाको शर्त-सम्झौता बमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने रकम (साँवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर आदि) चुक्ता भुक्तानी गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले मिति २०७९/०३/१६ गते बिहीबारको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा ऋण कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेकोले यो ऋण कर्जा चुक्ता गर्ने तथा धितो लिलाम बिक्रीका लागि गोप्य सिलबन्दी बोलपत्र आव्हान गरेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त कर्जाको सम्पूर्ण साँवा ब्याज तथा हर्जना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई सम्पूर्ण कर्जा चुक्ता फर्छ्यौट गरी लेखिदिएको धितो फुकुवा गरी लैजानु हुनका लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी, जमानतकर्ता, ऋणी फर्म/कम्पनीका शेयरधनी, संचालक समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम ऋणी, धितो सुरक्षण धनी, जमानतकर्ता, ऋणी फर्म/कम्पनीका शेयरधनी, संचालक लगायत सम्बद्ध सबैलाई बिना अन्य सूचना कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गराउने व्यहोरा जानकारी गराइन्छ । साथै तपसिलमा उल्लेखित धितो सम्पत्ति जे-जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम गोप्य सिलवन्दी बोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त धितो सम्पत्ति के-कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य सिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय बिर्तामोड, झापा तथा केन्द्रिय कार्यालय हात्तीसार, काठमाण्डौमा दाखिला गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र)औं दिन अर्थात् मिति २०७९/०७/१८ (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय बिर्तामोड, झापा तथा केन्द्रिय कार्यालय हात्तीसार, काठमाण्डौमा दिनको ठीक ११.०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, धितो सुरक्षण धनी, जमानतकर्ता, ऋणी फर्म/कम्पनीका शेयरधनी, संचालक, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम एक प्रतिको रु.१०००/- (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने गरी यस बैंकको शाखा कार्यालय बीर्तामोड, झापामा तथा केन्द्रिय कार्यालय, हात्तीसार, काठमाण्डौमा उपलब्ध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री हुन नसकेमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराउदै उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणी लगायतका सम्बद्ध व्यक्तिहरुको अन्य चल-अचल सम्पत्तिबाट समेत असुल उपर गरी लिइने वा/तथा कानून बमोजिम कर्जा असुलीको लागि मुद्दा दायर गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ । साथै धितो जमानतकर्ता, व्यक्तिगत जमानतकर्ता, ऋणी फर्म/कम्पनीका शेयरधनी, संचालकले समेत यसै सूचना बमोजिम ऋणीलाई तोकिएको अवधी भित्रमा कर्जा चुक्ता गर्न लगाउनु हुन वा आ-आफ्नो दायित्व बमोजिम कर्जा चुक्ता गर्नुहुन समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणी तथा जमानतकर्ताको बिवरण | फोटो |
|---|---|
| १. **ऋणीको नाम** : नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १०७२६७/०६९/०७०, मिति २०६९/०७/२७ मा दर्ता भई काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं.२३, ओमबहालमा रजिष्टर्ड ठेगाना रही आन्तरिक राजस्व कार्यालय नयाँसडकमा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६००८०४९२७, मिति २०६९/०८/१० मा दर्ता भएको **दि मोवि किङ्ग प्रा.लि** । <br>१.**सञ्चालक, व्यक्तिगत तथा धितो जमानतकर्ता : विनोद पोखरेल** (नागरिकता नं. १२९९२, जिल्ला प्रशासन कार्यालय काठमाडौं, जारी मिति २०५४/०३/०८) <br>**बाबु** : केशव प्रसाद पोखरेल **बाजे** : दुर्गा प्रसाद पोखरेल <br>**ठेगाना** : काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. नयाँपाटी वडा नं ५ भई हाल काठमाडौं जिल्ला, शान्तिनगर वडा नं. २९ |  विनोद पोखरेल |
| २.**व्यक्तिगत तथा धितो जमानतकर्ता : श्रीमती सुनिता पोखरेल** (नागरिकता नं. ४८५४, जिल्ला प्रशासन कार्यालय काठमाडौं, जारी मिति २०५७/१२/०९) <br>**बाबु** : भगिरथ गोतामे **ससुरा** : केशव प्रसाद पोखरेल **पतिः** विनोद पोखरेल <br>**ठेगाना** : काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. नयाँपाटी वडा नं ५ भई हाल काठमाडौं जिल्ला, शान्तिनगर वडा नं. २९ <br>३. **व्यक्तिगत जमानतकर्ता : अच्युत पोखरेल** (नागरिकता नं. ११६५, जिल्ला प्रशासन कार्यालय काठमाडौं, जारी मिति २०५८/०४/२२) <br>**बाबु** : केशव प्रसाद पोखरेल **बाजे** : दुर्गा प्रसाद पोखरेल <br>**ठेगाना** : काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. नयाँपाटी वडा नं ५ भई हाल काठमाडौं जिल्ला, शान्तिनगर वडा नं. २९ । |  सुनिता पोखरेल |

**धितोको सुरक्षणको बिवरण**

१) **व्यक्तिगत तथा धितो जमानतकर्ता श्रीमती सुनिता पोखरेलको** नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. १० स्थित कित्ता नं. २०२, ४७१ र ५९४ को क्षेत्रफल क्रमश ०-४-०-०, ०-२-३-३ र ०-१-२-० जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२) **ऋणी प्रा.लि.का सञ्चालक, व्यक्तिगत तथा धितो जमानतकर्ता विनोद पोखरेलको** नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ३ स्थित कित्ता नं. ३३७ को क्षेत्रफल १५८.९५ व.मि. जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

३) **ऋणी प्रा.लि.का सञ्चालक, व्यक्तिगत तथा धितो जमानतकर्ता विनोद पोखरेलको** नाममा मालपोत कार्यालय चन्द्रगढी झापामा दर्ता कायम रहेको झापा जिल्ला ज्यामिरगढी गा.पा./न.पा. वडा नं. ७ स्थित कित्ता नं. १३५६, १३५८, १३६०, १३६२, १३७३, १३७२, १३७४, १३७७, १३७८, १३८०, १३७५, १३००, १३०२, १३०४, १३०५, १३०७, १३१९, १३२१, १३२८, १३३२, १३३९, १३८२, १२९४, १२९६, १२९८, १३०९, १३१५, १३२३, १३३०, १३३४, १३३६ र १३८५ को क्षेत्रफल क्रमश २०७.३९, २०३.१६, १९८.९३, १८६.२३, १८६.२३, १२६.९७, २२४.३२, ३७२.४९, २२४.३२, २७५.११, २०७.३९, १६९.३०, १६९.३०, १६९.३०, ३०८.९७, २४९.७२, २११.६३, २११.६३, १८६.२३, २०७.३९, २१५.८६, १५२.३७, १७३.५३, १७३.५३, १६९.३०, २२८.५६, १८६.२३, २०७.३९, २०७.३९, २०७.३९, २०७.३९ र २७५.११ व.मि. जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

पुनश्च : स्थलगत निरिक्षण गर्न तथा अन्य जानकारीको लागि यस बैंकको केन्द्रीय कार्यालय हात्तीसार स्थित कर्जा असुली विभागमा तथा शाखा कार्यालय बिर्तामोड, झापामा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

लक्ष्मी बैंक लिमिटेड Laxmi Bank Limited
लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन: ४४४४६८४/८५, पो.ब.नं.: १९५९३
Email: info@laxmibank.com, URL: www.laxmibank.com

---

कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित
**दोल्ती पावर कम्पनी लिमिटेड**
बानेश्वर-१०, काठमाण्डौं ।

**विशेष साधारण सभा सम्बन्धी सूचना**
(प्रथम पटक प्रकाशित मिति २०७९।०७।०३ गते)

यस कम्पनीको मिति २०७९।०७।०२ गते बुधबार विहान ११:०० बजे बसेको सञ्चालक समितिको पाँचौं बैठकको निर्णय बमोजिम कम्पनीको पहिलो विशेष साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न लिखित प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थानः**
मितिः २०७९।०७।१७ गते बिहिबार (तदअनुसार नोभेम्बर ३, २०२२)
समयः अपरान्ह ३:०० बजे ।
स्थानः कम्पनीको रजिष्टर्ड कार्यालय बानेश्वर ।

**छलफलका विषयहरुः**
१. सञ्चालक समिति पुर्नगठन गर्ने बारे ।
२. विविध ।

-दोल्ती पावर कम्पनी लि.

---

**अजयमेरु गाउँपालिका**
गाउँकार्यपालिकाको कार्यालय
भद्रपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

**सच्चाइएको**

यस कार्यालयको मिति २०७९/०७/०१ प्रकाशित बोलपत्र स्वीकृत गर्ने आशयको सूचनामा बोलपत्र नम्बर **ARM/NCB/W-3/3079/80** मा **nagarjun niman sewa Pvt. Ltd** क्वोल अंक रू. २२,२५,०९५।१९ मु.अ.कर **PS** बाहेक छनोट र **ARM/NCB/W-2/2079/80** मा **bharat niman sewa** बोलपत्र स्वीकृतको लागि छनोट भएको भन्ने बिषय प्रिन्टिङ गल्तीले छुटेकाले सच्चाइएको छ ।

प्रमुख प्रशासकिय अधिकृत

---

# INVITATION FOR BIDS

**Kalinchok Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Sunkhani, Dolakha**
**Bagmati Pradesh Nepal**
**Date of publication : 2079.7.03 (20 October 2022)**

1. *Kalinchok Rural Municipality* invites sealed bids or electronic bids from eligible bidders for the following project as stated in SN 1 under National Competitive Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:
2. Eligible Bidders may obtain the the Bidding Documents at the office of *Kalinchok Rural Municipality, Office of the Rural Municipal Executive, Sunkhani, Dolakha* or may visit PPMO website www.bolpatra.gov.np/egp.

| S. N. | Name of project | Contract no. | Estimated amount (exclusive VAT), NRs. | Bid Security Amount, NRs. | Bid purchase amount amount, NRs. |
|---|---|---|---|---|---|
| 1 | Construction of Healthpost Building ward no 05,Lapilang,Dolakha | KRM/NCB/Works/ Dolakha/10/2079/080 | 6328910.25 | 1,75,000.00 | 3000.00 |

For further information: (website : kalinchowkmun.gov.np

**Chief Administrative Officer**

सौर्य दैनिक आर्थिक



*एनआईसी एशिया बैंकको सञ्चालकमा केशवप्रसाद लम्साल नियुक्त भएका छन् । राष्ट्रिय वाणिज्य बैंकमा ३० वर्ष लामो अनुभव संगालेका लम्साल बैंकको सर्वसाधारण सेयरधनी समूहबाट सञ्चालकको रूपमा नियुक्त भएका हुन । बैंक सञ्चालक समितिको बैठकले उनलाई नियुक्ती गरेको हो*

*अमेरिकी डलरले नयाँ रेकर्ड कायम गरिरहेको छ । बुधबार डलर हालसम्मकै महँगो भएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको विनिमय दर अनुसार बुधबार एक डलरको १३२ रूपैयाँ ८ पैसा निर्धारण गरेको छ भने खरिददर १३१ रूपैयाँ ४८ पैसा कायम रहेको छ*



# पिपिए ढिलाइले 'रेमिट हाइड्रो' को भविष्य अन्योलमा



**सौर्य समाचार**

काठमाडौं । वैदेशिक रोजगारीमा रहेका नेपालीको लगानीमा बनाउने भनिएका २ वटा रेमिट हाइड्रोको भविस्य अन्योलमा परेको छ । विद्युत् खरिद सम्झौता (पीपीए) गर्न ढिलाइ हुँदा २ वटा 'रेमिट हाइड्रो' आयोजनाको भविष्य अन्योलग्रस्त बनेको हो ।

सरकारले ताप्लेजुङको घुन्साखोला र सिम्बुवाखोलामा रेमिट्यान्स लगानी गरी जलविद्युत् उत्पादन गर्ने योजना अघि बढाएको छ । जसका लागि जलविद्युत् लगानी तथा विकास कम्पनी (एचआईडीसीएल) ले जिम्मा पाएको छ ।

विद्युत् प्राधिकरणले नदी प्रवाहमा आधारित परियोजनाहरुको विद्युत् खरिद सम्झौता (पीपीए) नगर्दा परियोजना अघि बढाउन ढिलाइ भएको एचआईडीसीएलका प्रमुख कार्यकारी अधिकृत (सीईओ) अर्जुनकुमार गौतमले जानकारि दिए । उनका अनुसार दुवै आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार छ । परियोजना अघि बढाउन पीपीए कुरिरहेको भन्दै उनले भने,'पीपीए हुनासाथ ठेक्का आह्वान गर्न सक्ने अवस्थामा छौं ।'

घुन्साको ७१.५ मेगावाट र सिम्बुवाको ५३.७ मेगावाट जडित क्षमता छ । एचआईडीसीएलले यी आयोजना बनाउन दुईवटा कम्पनी स्थापना गरेको छ । घुन्साखोलालाई अघि बढाउन रेमिट हाइड्रो लिमिटेड र सिम्बुवाखोला आयोजनाका लागि सिम्बुवा रेमिट हाइड्रो लिमिटेड स्थापना भएर पूर्व तयारीको काम अघि बढेको छ ।

लाइसेन्स पाएको ६ वर्षसम्म आयोजनाहरु अध्ययनमै सीमित छन् । आयोजनाहरुको वातावरण प्रभाव मूल्यांकन प्रतिवेदन पनि तयार भइसकेको उनले बताए । डीपीआर तयार भएपछि परियोजना निर्माण गर्न ठेक्का लगाउने तयारी हुन्छ । त्यसअघि निर्माण कम्पनीले कम्पनीले पहिलो वित्तीय स्रोत सुनिश्चित (फाइनान्सियल क्लोजर) गर्नुपर्ने हुन्छ ।

एनएमबी बैंक लिमिटेड र रेमिट हाइड्रो लिमिटेडबीच घुन्साखोला जलविद्युत् आयोजनामा लगानी गर्नेसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भइसकेको छ । समझदारी पत्रमा हस्ताक्षर पश्चात अन्य बैंक तथा वित्तीय संस्थाहरुलाई समेत सामेल गराई सह–वित्तीयकरण गठन गरी अयोजनाको वित्तीय व्यवस्थापन गरिने उल्लेख छ । घुन्साखोला जलविद्युत् आयोजनाको कुल लागत १८ अर्ब २५ करोड रुपैयाँ रहने अनुमान छ । नदी प्रवाहमा आधारित परियोजनाका लागि सरकारले तोकेको कोटा सकिएपछि प्राधिकरणले करिब ३ वर्षदेखि पीपीए रोकेको छ ।

सरकारले हालसालै १५ सय मेगावाट कोटा नदी प्रवाहमा आधारित परियोजनाका लागि थपेको छ । सीईओ गौतमका अनुसार पीपीए भएको एक वर्षभित्र दुवै आयोजना निर्माण नै सुरु गर्न सकिन्छ । दुवै आयोजनामा सरकारी स्वामित्वको जलविद्युत् विकास कम्पनीको ५१ प्रतिशत सेयर लगानी रहनेछ । त्यसपछि विदेशमा कार्यरत नेपालीहरुका लागि निश्चित प्रतिशत सेयरको ग्यारेन्टी गर्ने सरकारको योजना छ । विदेशमा कमाएको रकम प्रतिफल आउने आयोजनामा लगानी गर्न नपाएका नेपालीका लागि यो निकै राम्रो अवसर बन्ने सम्भावना छ । आयोजनामा करिब ४९ प्रतिशत लगानीका लागि आईपीओ अर्थात् साधारण शेयर जारी गर्ने कम्पनीको योजना छ । जसमा विदेशमा कार्यरत नेपाली कामदारले प्राथमिकता पाउनेछन् ।

ताप्लेजुङका स्थानीय र सर्वसाधारणलाई पनि सेयर लगानी गर्न दिने योजना छ । नेपालमा वैधानिक च्यानलबाट वार्षिक करिब १० खर्ब रेमिट्यान्स भित्रिन्छ । जसमध्ये झण्डै ८२ प्रतिशत रकम उपभोगमा सकिने यसअघि गरिएका विभिन्न अध्ययनहरुमा देखिएको छ । 'विदेशमा रहेका नेपालीको आम्दानीलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने अवसर दिनेगरी यी आयोजना अघि बढाउन खोजेका हौं' सीईओ गौतमले भने, ' त्यसबारे रेमिट्यान्स भित्राउने कम्पनीहरुसँग छलफल गर्दा लगानी ल्याउन असहज नहुने अवस्था पाएका छौं ।' सरकारले आर्थिक वर्ष २०७०/७१ को बजेटमै विदेशमा रहेका नेपाली कामदारको लगानीमा 'रेमिट हाइड्रो' बनाउने उद्घोष गरेको थियो । यी आयोजना निर्माणका लागि २५ अर्ब रुपैयाँ भन्दा बढी लगानी लाग्ने अनुमान गरिएको छ ।

# चार बैंकद्वारा लाभांश घोषणा

**सौर्य समाचार**

काठमाडौं । चारवटा 'क' वर्गका बैंकले गत आर्थिक वर्ष २०७८/७९ को नाफाबाट लाभांश घोषणा गरेका छन् । गत आर्थिक वर्ष २०७८/७९ सम्मको सञ्चित नाफाबाट लाभांश घोषणा गरेका बैंकमा कुमारी बैंक, सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड, बैंक अफ काठमाण्डू र नेपाल क्रेडिट एन्ड कमर्स बैंक रहेका छन् ।

असोज मसान्तसम्ममा लाभांश घोषणा गरेका चारवटा वाणिज्य बैंकमध्ये कुमारी बैंक र सिटिजन्स बैंकले नगद लाभांशको घोषणा गरेका छन् । बैंक अफ काठमाण्डू र एनसीसी बैंकले भने सेयर बोनससहित नगद लाभांशको घोषणा गरेका छन् । यसपालि अधिकांश बैंकले सेयर लाभांशभन्दा पनि नगद लाभांश दिने मनस्थिति तयार गरेका देखिन्छन् । घट्दो सेयर बजार र बढ्दो ब्याजका कारणले गर्दा लगानीकर्ताहरू पनि सेयर लाभांशभन्दा पनि नगद लाभांशमा नै इच्छुक देखिएका छन् । घट्दो बजारमा कुनै कम्पनीले बोनस दिएर मूल्य समायोजन भइसकेपछि कम्पनीको सेयरमूल्य अझै घट्न सक्ने भएकाले बैंकहरूले नगद लाभांशमा नै जोड दिई बैंकहरूले सेयरमूल्यलाई स्थिर राख्ने मनसाय बनाएको बताइन्छ । यी चार कम्पनीमध्ये दुई कम्पनीले साधारण सभा बोलाएका छन् भने दुईले साधारण सभा र बुक क्लोजको मिति तय गरिसकेका छैनन् । सिटिजन्स र कुमारी बैंकले साधारण सभाको मिति तय गरिसकेका छन् । यी चार कम्पनीको लाभांश हेर्दा अधिकांश कम्पनीले बोनस सेयरमा भन्दा नगद लाभांशमा जोड दिएका छन् ।



बोनस सेयरले कम्पनीको चुक्ता पुँजी बढाउने, नेटवर्थ तथा सञ्चिति घटाउने र सेयरधनीको कित्तामा परिमाणात्मक वृद्धि दिनेबाहेक गुणात्मक रूपमा केही पनि नदिने भएकाले नगद लाभांशमा आकर्षण हुने गर्छ । बोनस सेयर जारी हुने सूचनाले केही दिन सेयरको मूल्य अस्वाभाविक बढ्ने, पुँजीको कारण आम्दानी सोही अनुपातमा कायम राख्न सञ्चालन र स्रोत परिचालन खर्च बढ्नेबाहेक गुणात्मक रूपमा प्रतिफल केही नपाइने भएकाले कम्पनीहरू पनि नगद लाभांशमा नै आकर्षित भएका हुन् ।

गत आर्थिक वर्षको नाफाबाट १२.५ प्रतिशत लाभांश वितरण गर्ने भएको कुमारी बैंकले बोनस सेयर छाडेर शतप्रतिशत नगद लाभांश वितरण गर्ने भएको छ । त्यस्तै, एनसीसी बैंकले आफ्नो चुक्ता पुँजीको ७.६३ प्रतिशत नगद लाभांश र ३.३६ प्रतिशत बोनस सेयर बाँड्ने भएको छ । गत आर्थिक वर्षमा बैंकले ३ अर्ब १४ करोड ९८ लाख ८६ हजार रुपैयाँ खुद नाफा कमाएको थियो । यस्तै, नगद लाभांशलाई नै प्राथमिकता दिएको बैंक अफ काठमाण्डू (बीओके)ले समेत यस वर्ष आफ्नो कुल चुक्ता पुँजीको २०.९५ प्रतिशत लाभांश बाँड्ने घोषणा गरेकोमा १४.९५ प्रतिशत नगद र बाँकी ६ प्रतिशत बोनस सेयर बाँड्ने भएको छ ।

लाभांश वितरणको लाइनमा नै रहेका अन्य वाणिज्य बैंकहरूले समेत यसपटक बोनस सेयरको साटो नगद लाभांशलाई नै प्राथमिकता दिने देखिएको छ । जसले यसपटक बजारमा क्यास फ्लो बढ्ने आकदन गरिएको छ ।

## बाह्रदशी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**चकचकी, झापा**

**१ नं. प्रदेश, नेपाल चकचकी, झापा**

## औषधि तथा औषधिजन्य समाग्री खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**शिलबन्दी दरभाउ पत्र नं. १ /२०७९-०८०**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०७/०३ गते**

यस बाह्रदशी गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरु मार्फत निःशुल्क बितरणका लागि सूचीकृत औषधिहरु शिलबन्दी दरभाउपत्रका माध्यमवाट खरिद गर्नु पर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही दरभाउपत्र पेश गर्न सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

१) यो सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिन सम्म कार्यालय समय भित्र रु १०००।- तिरी (पछि फिर्ता नहुने गरी) वा यस कार्यालयको नाममा रहेको आन्तरिक राजस्व खाता, माछापुच्छ्रे बैंक लि., राजगढ, झापा को खाता नम्बरः-०८३००८७०५००००११३ मा जम्मा गरि सक्कल भौचर पेश गरि दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२) दरभाउपत्र फाराम खरिद गर्न लिखित निवेदन साथ आ.व. २०७८/०७९ सम्मको लागि नविकरण गरिएको औषधी व्यवसाय संचालन गर्न पाउने इजाजत पत्र वा फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा मू.अ. कर दर्ता प्रमाणपत्र र आ.व. २०७८/७९ सम्मको कर चुक्ता वा म्याद थपेको प्रमाणपत्र समेतका प्रतिलिपि संलग्न राखी प्रोपाइटर स्वयं उपस्थित भई वा आधिकारिक मञ्जुरीनामा सहितको प्रतिनिधि पठाई खरिद गर्न सकिनेछ ।

३) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औ दिनको १२.०० वजे भित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गराई सक्नु पर्नेछ । म्यादभित्र दर्ता भएका दरभाउपत्रहरु सोहि दिनको २:०० वजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहेमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

४) दरभाउपत्र फारम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ ।

५) दरभाउपत्र पेश गर्दा खामको वाहिर यस कार्यलयको नाम सम्वोधन गरी दरभाउपत्र नं. र कामको विवरण खुलाई सिलवन्दी गरी पेश गर्नुपर्नेछ ।

६) दरभाउपत्र दाताले धरौंटी वापत रु १,१०,०००/-(एक लाख दश हजार मात्र) यस कार्यालयको नाममा रहेको माछापुच्छ्रे बैंक लि. राजगढ, झापाको धरौटी खाता नम्बरः-०८३००८७०५०००००६२ मा जम्मा गरेको सक्कल बैक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम दिनबाट कम्तीमा ७५ दिन म्याद कायम रहेको वाणिज्य बैंक (क श्रेणी) बाट यस कार्यलयका नामंमा जारी भएको बैंक जमानत (विडवण्ड) दरभाउपत्रसाथ संलग्न राख्नु पर्नेछ । दरभाउपत्र स्वीकृत भएमा कुल कवोल अंक (मु.अ.कर सहित) को ५ प्रतिशत सम्मले नपुग हुने थप धरौटी वापतको रकम माथि उल्लेखित धरौंटी खातामा दाखिला गरेको सक्कलै बैंक भौचर वा सामान आपूर्ति गर्ने अन्तिम अवधि भन्दा घटीमा ३० दिन वढी म्याद कायम रहेको वाणिज्य वैंकबाट जारी भएको कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) पेश गरी संझौता गर्नु पर्नेछ । नगद जमानत राखेकोमा पछि वैंक जमानतमा परिणत गर्न पाईने छैन ।

७) दरभाउपत्र दाताले आफुले कवोल गरेको प्रत्येक आइटमहरुको मु.अ. कर वाहेकको दररेट अंक र अक्षर दुवैमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखेको दररेट फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

८) दरभाउपत्रदाताले दररेट उल्लेख गर्दा केरमेट गरी लेखेको वा टिपेक्स लगाएको स्थानमा सहीछाप गरेको हुनुपर्नेछ । दरभाउपत्र फारामको फोटोकपि गरी पेश गरेको, यस कार्यालयवाट बिक्री नभएको तथा एक व्यक्ति वा फर्मका नाममा विक्री भएको दरभाउपत्र फारम अर्को व्यक्ति वा फर्मको तर्फवाट पेश गरेको, दररेट अंक र अक्षर दुवैमा नलेखिएको वा फर्मको तर्फवाट कुनै शर्त राखी पेश गरेको दरभाउपत्रलाई मान्यता दिईने छैन । साथै म्याद नांघी र रित नपुगी प्राप्त दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

९) बिल अफ क्वान्टिटीजमा उल्लेखित औषधीहरुको परिमाणमा थपघट भएमा दरभाउपत्रदाताले कवोल गरेको दररेटमा उपलब्ध गराउनु पर्नेछ ।

१०) आपुर्तिकर्ताले WHO, GMP प्रमाणपत्र प्राप्त कम्पनीहरुवाट उत्पादित औषधीहरु मात्र आपुर्ति गर्नु पर्नेछ ।

११) आपूर्ति गरिने औषधीको मान्य अवधी मिति (Expiry Date) स्टोर दाखिला भएको दिनवाट कम्तीम १८ महिना वांकी भएको हुनु पर्नेछ र १८ महिना भन्दा कम Expiry Date भएका औषधीको हकमा स्टोर दाखिला मितिले ७५ प्रतिशत म्याद वांकी हुनु पर्नेछ ।

१२) आपूर्ति हुने औषधिहरुको स्ट्रीप र वोतलको प्रत्येक प्याकीङ्ग वाहिर उत्पादन मिति, Expiry Date तथा Batch No. उल्लेख एवम नेपाल सरकारबाट निशुल्क वितरण गरिएको भनि उल्लेख गर्नुपर्नेछ ।

१३) नेपाल सरकारको हितलाई ध्यानमा राखी प्राप्त दरभाउपत्रहरु पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१४) कुनै दरभाउपत्रदाताले दरभाउपत्रमा कुनै संशोधन गर्न वा दरभाउपत्र फिर्ता लिन सक्ने छैन ।

१५) दरभाउपत्र स्वीकृत भई यस कार्यालयले तोकेको अवधि भित्र एकै पटक औषधि उपलब्ध गराउनु पर्नेछ । आपूर्ति गरिने औषधीहरुको केही अंश वा सम्पूर्ण औषधी वुझाउन नसकेमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम कारबाही हुनेछ ।

१६) यो सूचनामा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून वमोजिम हुनेछ ।

| क्र.स. | ठेक्का नं. | विवरण | लागत मूल्य मू.अ.कर रु. | धरौटी रु. | दरभाउपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | १/२०७९।०८० स्वास्थ्य | औषधी तथा औषधी जन्य सामाग्री आपूर्ती | ३६,८९,८४९।३० | १,१०,०००।० | १,०००।० |

**प्रमुख प्रशासकीय अधिकृत**

# कर्पोरेट

## उदयपुर मालपोत कार्यालयमा मेगा बैंकको एक्सटेन्सन काउन्टर




काठमाडौं । मेगा बैंक नेपाल लिमिटेडले उदयपुरको गाइघाटस्थित जिल्ला मालपोत कार्यालयमा एक्सटेन्सन काउन्टर विस्तार गरेको छ । त्रियुगा नगरपालिका वडा नम्बर १०, बोक्सेस्थित मालपोत कार्यालयमा बुधबारबाट मेगा बैंकले एक्सटेन्सन काउन्टर विस्तार गरेको हो । अब मालपोत कार्यालयको सबै सेवाको आर्थिक कारोबार बैंकमार्फत नै हुने भएकाले सेवाग्राहीलाई सहज हुने र मालपोत कार्यालयलाई पनि आर्थिक पारदर्शितामा सहज हुने विश्वास लिइएको छ ।

एक्सटेन्सन काउन्टर विस्तार गरेर सेवा र सञ्जाल विस्तार गर्ने बैंकको नीति अनुरुप मेगा बैंकले यसअघि पनि विभिन्न स्थानहरुमा एक्सटेन्सन काउन्टरहरु विस्तार गरिसकेको छ । ग्राहकको विश्वास जित्दै अघि बढ्दै गरेको मेगा बैंकको हाल देशभर २०८ वटा शाखा र २६ वटा एक्सटेन्सन काउन्टरहरु सञ्चालित छन् ।

## सिद्धार्थ बैंकको नयाँ शाखा विस्तार

काठमाडौं । सिद्धार्थ बैंक लिमिटेडले शाखा विस्तार गरेको छ । नयाँ शाखा काठमाडौं स्थित न्यूरोड गेटमा, ललितपुर स्थित भैंसेपाटी र लुभूमा रहेको छ । बैंकले यस क्षेत्रका सर्वसाधारण तथा उद्यमीमाझ सबै प्रकारका निक्षेप तथा कर्जा कारोबार सुविधा, रकम भुक्तानी लगायत सबै बैंकिङ्ग सेवा सहज ढङ्गले पुऱ्याउने उद्देश्यका साथ उक्त शाखा सञ्चालनमा ल्याएको हो । उक्त शाखाहरु विस्तार पश्चात् बैंकको कुल शाखा सञ्जाल संख्या १ सय ९३ पुगेको छ । सजिलो बैंकिग सेवा, एटिएम, पि ओ एस् मेसिनका साथै निक्षेप तथा कर्जा सुविधा, घरमै बसेर बैंकको वेबसाइटमा रहेको इजि बैंक पोर्टल मार्फत बचत, मुद्दती र डिम्याट खाता खोल्न सकिने, डेबिट र क्रेडिट कार्डका लागि आवेदन दिन सकिने अनलाइन सुविधा, रेमिटेन्स सेवा, ४ सय ५० भन्दा बढि व्यवसायिक केन्द्रहरुबाट विशेष छुट प्राप्त गर्न सकिने गरी जारी गरिएको युएनओ क्रेडिट कार्ड जस्ता सेवा मार्फत् बैंकले उच्चस्तरिय बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ । बैंक ग्राहकवर्गहरुको हितलाई मध्यनजर गर्दै देशको अर्थतन्त्र सुदृढ बनाउन हरदम प्रतिबद्ध रहेको पनि विज्ञप्तिमा उल्लेख छ ।

सौर्य खेलकुद
www.souryaonline.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ म.क्षे.हु.नि.द.नं. १६/०७३/७४



*आइसीसी टी-२० विश्वकपमा बुधबार भएका दोस्रो खेलमा वेष्ट इण्डिजले जिम्बावेलाई ३१ रनले हराएको छ । १५४ रनको विजयी लक्ष्य पछ्याएको जिम्बावे १२२ रनमै अलआउट भएपछि वेष्टइन्डिज विजयी भएको हो*



*नवौं राष्ट्रिय खेलकुदको भारोत्तोलनतर्फ नेपाल पुलिसकी विद्या राईले स्न्याचमा ७६ र क्लीन एण्ड जर्कमा ८८ गरी कुल १६४ केजी भार वहन गर्दै राष्ट्रिय कीर्तिमानसहित स्वर्ण जितेकी छिन्*

नवौं राष्ट्रिय खेलकुद

# भलिबलमा एपिएफ पुरुषतर्फ फाइनल प्रवेश महिलाले जिते स्वर्ण

■ **सौर्य समाचार**

पोखरा । नवौं राष्ट्रिय खेलकुद अन्तर्गत एपिएफले महिला तर्फ स्वर्ण हात पार्दा पुरुषतर्फ पनि फाइनलमा प्रवेश गरेको छ । घरेलु टोली गण्डकी प्रदेशलाई सोझो सेटमा पराजित गर्दै नेपाल एपिएफ क्लब नवौं राष्ट्रिय खेलकुद अन्तरर्गत पुरुष भलिबलको फाइनलमा प्रवेश गरेको छ ।

पोखरा रंगशालास्थित भलिबल कोर्टमा बुधबार भएको खेलमा एपिएफले गण्डकीमाथि ३-० को सोझो सेटमा जित निकाल्दै फाइनलमा आर्मीसँगको भेट पक्का गरेको हो । एकपक्षीय खेलमा एपिएफले २५-२१, २७-२५ र २५-१५ को सोझो सेटमा जित निकाल्यो ।पहिलो सेटमा एकसमय १६-१७ को स्थिति रहँदा एपिएफले अग्रता जित निकाल्न सफल भयो । प्रतिस्पर्धात्मक बनेको



दोस्रो सेटमा गण्डकीले बलियो चुनौती पेश गरेपनि एपिएफलाई रहँदा सकेन । तेस्रो सेटमा गण्डकी झनै निरिह बन्दा पराजित हुन पुग्यो । अब एपिएफले उपाधिका लागि बिहीबार आर्मीसँग प्रतिस्पर्धा गर्नेछ । आर्मीले बुधबारै अर्को विभागीय टोली नेपाल पुलिस क्लबलाई ३-१ को सेटमा हराएर फाइनलमा पुगेको छ । पुलिस र गण्डकीबीच बिहीबारै तेस्रो स्थानको लागि प्रतिस्पर्धा हुनेछ ।

**महिलालाई स्वर्ण**

विभागीय टोली एपीएफले महिला भलिबलमा स्वर्ण पदक जितेको छ । बुधबार भएको फाइनल खेलमा अर्को विभागीय टोली नेपाल पुलिस क्लबलाई ३-१ सेटले हराउँदै स्वर्ण पदक जितेको हो ।

गलकोटमा पहिलो सेट २५-१९ ले जितेको एपीएफले दोस्रो सेटमा ३०-२८ को जित निकाल्यो । तेस्रो सेटमा भने पुलिसले जित निकालेको थियो । पुलिसले तेस्रो सेट २४-२६ ले जित्दा चौथो सेटमा एपीएफले २५-१९ ले जित निकाल्यो । पुलिस क्लबले रजत पदक जितेको छ । महिला भलिबलमा बागमती प्रदेशले कास्य पदक जितेको थियो ।

# टेबल टेनिसमा स्यान्टु र नवितालाई स्वर्ण

■ **सौर्य समाचार**





पोखरा । नेपाल पुलिस क्लब ६ स्वर्ण पदकसहित नवौं राष्ट्रिय खेलुकद अन्तर्गत टेबलटेनिससमा टिम च्याम्पियन बनेको छ । पोखरामा बुधबार सम्पन्न प्रतियोगितामा पुलिस ६ स्वर्ण, २ रजत र ४ कास्य पदक जित्दै टिम च्याम्पियन बनेको हो ।

नेपाल एपिएफ क्लब १ स्वर्ण, ४ रजत र १ कास्य पदकका साथ दोस्रो स्थानमा रह्यो । बागमती प्रदेशले १ रजत र २ कास्य पदक सहित पदक तालिकामा तेस्रो भएको छ । त्रिभुवन आर्मी क्लब,एनआरएनए, प्रदेश १ ले समान २ कास्य तथा र गण्डकी प्रदेशले १ कास्य पदक जितेको छ ।

महिला सिंगल्सको स्वर्ण पदक पुलिस नविता श्रेष्ठले जितेकी छिन् । नविताले वेस्ट अफ सेभनको फाइनलमा आफ्नै क्लबकी एलिना महर्जनलाई ११-८, ११-६, १२-१४, ११-८, ९-११, ६-११, १३-१५ ले पराजित गरिन् । एपीएफकी सिक्का सुवाल र आर्मीकी रविना महर्जनले संयुक्तरुपमा कास्य पदक जिते ।

पुरुष सिंगल्सतर्फ पुलिसका स्यान्टु श्रेष्ठले स्वर्ण पदक जिते । स्यान्टुले एपिएफका रुविन महर्जनलाई ११-८, ११-७, ११-९, ६-११, ११-६ ले हराए । पुलिसका प्रदीप रोका र एपिएफका संयोग कपालीले कास्य पदक जिते ।

प्रतियोगितामा मधेश प्रदेश, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशले भने पदक जित्न सकेनन् । राष्ट्रिय खेलुकद परिषद्का सदस्य राजेश गुरुङ, अखिल नेपाल टेबल टेनिस संघका अध्यक्ष चतुरानन्दराज राजवैद्य, उपाध्यक्ष धर्ममान बज्राचार्य र कोल्मा बहाकोट तमु समाजका अध्यक्ष सुवेदार लालबहादुर गुरुङलगायतले विजेता खेलाडीलाई पुरस्कृत गरे ।

# एपिएफ र आर्मीलाई रग्बीमा स्वर्ण




■ **सौर्य समाचार**

पोखरा । नेपाल एपिएफ क्लबको पुरुष टोली र त्रिभुवन आर्मी क्लबको महिला टोलीले नवौं राष्ट्रिय खेलकुद अन्तर्गत रग्बीतर्फ स्वर्ण जितेका छन् ।

कास्कीको भण्डार डिक ग्राउन्ड लेखनाथमा भएको फाइनलमा नेपाल एपिएफ क्लबको पुरुष टोलीले फाइनलमा लुम्बिनी प्रदेशलाई १०-७ अंकले विजयी हुँदै स्वर्ण जितेको थियो ।

पहिलो हाफमा लुम्बिनीले अग्रता लिएपनि दोस्रो हाफमा बचाउन नसक्दा पराजित भएको हो । लुम्बिनी पहिलो हाफमा लुम्बिनीले ७ अंक ल्याउँदा एपिएफले ५ अंक लिएको थियो । एपिएफको लागि पहिलो हाफमा निरोजले ५ अंक जोडेका थिए । लुम्बिनीका लागि विजयले ७ अंक लिएका थिए ।

दोस्रो हाफलमा लुम्बिनीले अंक थप्न नसक्दा एपिएफले पाँच अंकका साथ च्याम्पियन बन्यो । दोस्रो हाफलमा लक्ष्मणले पाँच अंक लिएका थिए । यता महिलातर्फ आर्मीले एपिएफले १०-० ले पराजित गर्यो । पहिलो हाफमा आर्मीले १० अंक बटुलेको थियो ।

पहिलो हाफमा आर्मीको लागि विशाखा समिताले समान पाँच अंक जोडे । दोस्रो हाफलमा कुनै अंक नजोड्दा आर्मी विजयी भयो । महिलातर्फ कास्य पदक सुदूरपश्चिम र पुरुषतर्फ गण्डकी प्रदेशले कास्य जितेका छ । सुदूरले मधेश प्रदेशलाई ५-० अंक ले पराजित गर्यो । गण्डकीले तेस्रो स्थानको लागि भएको खेलमा गण्डकीले आर्मीलाई १०-५ अंकले पराजित गर्यो । महिलामा लुम्बिनी प्रदेश बाहेक अन्य सबैको सहभागीता थियो । पुरुषमा भने सबै टोलीको सहभागीता थियो ।

# साइक्लिङमा हिक्मत र उषालाई स्वर्ण

■ **सौर्य समाचार**

पोखरा । गण्डकी प्रदेशको राजधानी पोखरामा भइरहेको नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत भएको साइक्लिङ रोड रेस मास स्टार्ट विधातर्फ गण्डकी प्रदेशका हिक्मत बिक र त्रिभुवन आर्मी क्लबकी उषा खनालले स्वर्ण जितेकी छिन् । बुधबार पोखराको याम्दी-हेम्जा सडकखण्डमा भएको महिलातर्फको रोड रेस मास स्टार्ट साइक्लिङमा ४० किलोमिटरको दूरी १ घण्टा २३ मिनेट १८ सेकेण्डमा पूरा गर्दै नेपाल आर्मीकी खनालले स्वर्ण पदक जितिन् ।एपीएफकी हुमी बुढामगरले उक्त दूरी १ घण्टा २५ मिनेट ४६ सेकेण्डमा पूरा गर्दै रजत पदक जितिन् । १ घण्टा २९ मिनेट ३८ सेकेण्डमा दूरी पूरा गर्दै नेपाल आर्मीकी मञ्जुकुमारी खड्काले कांस्य पदक जितेकी छन् ।

पुरुष साइक्लिङको रोड रेस मास स्टार्ट विधातर्फको फाइनल खेलमा ६० किलोमिटरको दूरी १ घण्टा ५५ मिनेट २१.०१५ सेकेण्डमा पूरा गर्दै बिकले स्वर्ण पदक जितेको । यो दूरी १ घण्टा ५५ मिनेट २१ सेकेण्ड ४१४ मिलिसेकेण्डमा पूरा गर्दै एपिएफका सुरज




रानामगरले रजत पदक जितेकका छन् । त्यसैगरि १ घण्टा ५५ मिनेट २१ सेकेण्ड ८६१ मिलिसेकेण्डमा दूरी पूरा गर्दै आर्मीका हिमाल टमाटाले कास्य जिते ।

यससँगै साइक्लिङको सबै विधा आज (बुधबार) सकिएको छ । ४ विधामा पुरुष र महिला गरि ८ स्वर्ण पदकका लागि भएको प्रतिस्पर्धामा आर्मीले ४ स्वर्ण, एपीएफले २ स्वर्ण, बागमती र गण्डकीले १-१ स्वर्ण जितेका छन् । आर्मीले ४, एपीएफले ३ र बागमतीले १ रजत पदक तथा एपीएफले ४, आर्मीले ३ र गण्डकीले १ कांस्य पदक जितेका छन् ।

# आर्मीले जित्यो महिला हकीको स्वर्ण

■ **सौर्य समाचार**

पोखरा । नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गतको महिला हकीमा विभागीय टोली त्रिभुवन आर्मी क्लबले स्वर्ण पदक जितेको छ । पोखरामा बुधबार भएको फाइनल खेलमा गण्डकी प्रदेशलाई टाइब्रेकरमा ३-० गोल अन्तरले हराउँदै आर्मीले स्वर्ण पदक जितेको हो । टाइब्रेकरमा आर्मीका लागि सीताकुमारी चौधरी, सरस्वती तामाङ र सीतामाया बलले गोल गरे ।

त्यसअघि खेलको नवौं मिनेटमा आर्मीको सरस्वती तामाङले १ गोल गरेकी थिइन् । त्यसको दुई मिनेटपछि गण्डकीको तर्फबाट सबिना पुन रानाले एक गोल थपिन् । खेल १-१ को बराबरीमा पुगेपछि टाइब्रेकरमा पुगेको हो । महिला हक्कीमा प्रदेश १ लाई हराउँदै सुदुरपश्चिमले कास्य पदक जितेको छ । बुधबार बिहान भएको पहिलो खेलमा सुदुरपश्चिमले प्रदेश १ लाई २-० गोल अन्तरले हराएको हो ।सुदुरपश्चिमका लागि खेलको १० औं मिनेटमा निलम जोशी र २६ औं मिनेटमा डम्बरा थापाले गोल गरेकी थिइन् । प्रतियोगितामा सात टिम सहभागी थिए ।

## विश्व समाचार

# भारतीय कंग्रेसको अध्यक्षमा मल्लिकार्जुन खर्गे

■ **एजेन्सी**

नयाँ दिल्ली । लामो संघर्ष र कोलाहलपछि कांग्रेसले आज नयाँ अध्यक्ष पाएको छ । सीताराम केसरीको २४ वर्षपछि कांग्रेसले मल्लिकार्जुन खर्गेलाई पहिलो गैर-गान्धी कांग्रेस अध्यक्ष पाएको छ ।

८० वर्षीय खर्गेले अध्यक्षको चुनावमा शशि थरुरलाई ठूलो मतान्तरले पराजित गरेका छन् । चुनावअघि नै खर्गेले सहजै चुनाव जित्ने विश्वास गरिएको थियो । खर्गेलाई गान्धी परिवारको पूर्ण समर्थन थियो । खर्गेले ७ हजार ८ सय ९७ मत पाएका छन् भने थरुरले १ हजार ७२ मत पाएका छन् । ४१६ मत बदर घोषित भएको छ । कुल ९ हजार ३ सय ८५ मत खसेको थियो ।

निर्वाचनका क्रममा कांग्रेसका ९ हजार ९ सय प्रतिनिधिमध्ये ९ हजार ५ सयले मतदान गरेका थिए । यसअघि कांग्रेसमा अध्यक्ष पदका लागि सन् १९३९, १९५०, १९७७, १९९७ र २००० मा निर्वाचन भएको थियो । २००० को चुनावमा सोनिया गान्धीले जितेन्द्र प्रसादलाई पराजित गर्दै राष्ट्रपति बनेकी थिइन् ।

गान्धी परिवारसँग उनको निकटता र धेरै वरिष्ठ नेताहरूको समर्थनका कारण, खर्गेको दाबी पहिले नै बलियो मानिएको थियो । भोट हाल्नुअघि सोनिया गान्धीले भनेकी थिइन् कि म यो दिनको लामो समयदेखि प्रतिक्षामा थिएँ ।

**लामो संघर्षपछि खर्गे अध्यक्ष बने**

कांग्रेस अध्यक्ष पदका लागि अशोक गहलोत गान्धी परिवारको पहिलो रोजाइ थिए । तर राजस्थानमा कांग्रेसका विधायकहरूको विद्रोही अडानपछि पूरै खेल फेरियो । राजस्थान एपिसोडपछि गहलोतले माफी मागे, तर कांग्रेस उच्च कमाण्डको विश्वास यो सहकर्मीमाथि डगमगाएको थियो । त्यसको लगत्तै कांग्रेसबाट खर्गेलाई अध्यक्षको उम्मेदवार बनाइएको थियो ।

**गान्धी परिवारका वफादार**

खर्गे सुरुदेखि नै गान्धी परिवारप्रति वफादार छन् । विद्यार्थी राजनीतिबाट सुरु गरेका खर्गेले संघिय राजनीतिमा पनि लामो इनिङ खेले । १९६९ मा, उहाँ एमएसके मिल्स कर्मचारी संघ को कानूनी सल्लाहकार बने । उनी संयुक्त ट्रेड युनियनका प्रभावशाली नेता थिए, जसले मजदुरहरूको अधिकारका लागि धेरै आन्दोलनहरूको नेतृत्व गरे ।

८० वर्षीय खर्गेको जन्म कर्नाटकको बिदर जिल्लाको वरवट्टी क्षेत्रको एक किसान परिवारमा भएको थियो । उनले नूतन विद्यालय, गुलबर्गाबाट स्कूली शिक्षा पूरा गरे र सरकारी कलेज, गुलबर्गाबाट स्नातक गरे । त्यसपछि गुलबर्गाका सेठ शंकरलालले लाहोटी ल कलेजबाट एलएलबी गरेपछि वकालत गर्न थाले । १९६९ मा, उनी कांग्रेसमा सामेल भए र १९७२ मा कर्नाटकको गुरुमितकल विधानसभा सीटबाट पहिलो पटक विधायक बने । खर्गे गुरुमितकल सिटबाट ९ पटक विधायक निर्वाचित भएका थिए । यस अवधिमा उनले गुन्डुराव, एसएम कृष्ण र वीरप्पा मोइलीको सरकारमा विभिन्न विभागहरूमा मन्त्रीको पद पनि सम्हालेका थिए । उनी गुलबर्गाबाट दुई पटक कांग्रेसको लोकसभा सांसद पनि भइसकेका छन् ।

# भारतमा एक दिनमा औसत ८७ महिला बलात्कृत !

■ **एजेन्सी**

नयाँ दिल्ली । दिल्लीस्थित स्वैच्छिक संस्था 'परी' मा काम गर्ने कार्यकर्ता योगिता भयनाले बीबीसीसँगको कुराकानीमा भनिन्, 'कोभिडका कारण पछिल्लो दुई वर्षदेखि लकडाउन थियो । यो अवधिमा बलात्कारका घटना भएनन् । घरबाहिर बलात्कारका घटना घटेका छैनन् वा घटेका छैनन् भन्न सकिन्छ तर घरको पर्खालभित्र यस्ता घटना भइरहेका छन् । यो संस्थाले बलात्कार पीडितका लागि काम गर्छ । उनी भन्छिन्, ' निर्भया काण्ड बाहिर आएपछि जनतामा चेतना आएको छ । जसका कारण यस्ता घटनाको उजुरी बढेको भए पनि घरभित्रै हुने यस्ता अपराधका घटना भने बाहिर आउन सकेको छैन ।



उनका अनुसार, 'हेल्पलाइनमा सहयोगका लागि मुद्दा आइरहन्छ । यी मध्ये धेरै घटनाहरू गम्भीर छन्। निर्भया काण्ड सार्वजनिक भएपछि जनतामा देखिएको एकता, आक्रोश र संवेदनशीलता अब समाप्त भएको छ । विडम्बना के छ भने निर्भया काण्ड बाहिर आएपछि कानुन पनि कडा बनेको छ तर न्याय पाउने प्रक्रिया अझै लामो नै छ ।

यस्ता घटनामा दोषी कतिलाई कारबाही हुन्छ भन्ने प्रश्न उठाउँछिन् । यस्ता घटना रोक्न सरकारले के गरिरहेको छ ?

**कानूनमा परिवर्तन**

- २०१२ मा निर्भया बलात्कार काण्ड पछि कानूनमा परिवर्तन गरियो । फौजदारी कानून (संशोधन) ऐन २०१३ मा बलात्कारको परिभाषा विस्तृत गरिएको छ ।
- बलात्कारको धम्की दिने कार्यलाई अपराध मानिएको छ र यदि कसैले त्यस्तो गरेको पाइएमा सजायको व्यवस्था गरिएको छ ।
- बढ्दो बलात्कारका घटनालाई मध्यनजर गर्दै न्यूनतम सजाय सात वर्षबाट बढाएर १० वर्ष पुर्याएको छ ।
- घटनामा पीडितको मृत्यु भएमा वा निजको शरीर निश्क्रिय भएको अवस्थामा पुगेमा त्यसको अधिकतम सजाय २० वर्षसम्म पुर्याइएको छ। यसका साथै मृत्युदण्डको पनि व्यवस्था गरिएको छ ।
- १६ वर्ष वा सोभन्दा माथिको उमेर पूरा गरेको र त्यस्तो जघन्य अपराधको आरोप लागेका बालबालिकाको मानसिक र शारीरिक मूल्याङ्कन बाल न्याय बोर्डले गर्न सक्नेछ र त्यसको आधारमा भारतीय सजायको व्यवस्था गरिएको छ । दण्ड संहितामा ।

राष्ट्रिय अपराध अभिलेख ब्यूरो वा एनसीआरबीका पूर्व निर्देशक शारदा प्रसाद तीन राज्य राजस्थान, उत्तर प्रदेश र मध्य प्रदेशमा बलात्कारका घटना बढ्नुको प्रमुख कारण समाजमा रहेको सामन्तवादी विचारधारा बताउँछिन् ।

बीबीसीसँगको कुराकानीमा उनी भन्छिन्, 'जब यस्ता मुद्दा आउँछन्, उनीहरुको आरोपपत्र कम दर्ता हुन्छ । त्यसपछि यी मुद्दा दर्ता भएर अदालतमा पुगेमा दुई तिहाइ मुद्दामा मानिस रिहा हुन्छन् र एक तिहाइलाई मात्र सजाय हुन्छ ।यस्तो अवस्थामा अपराध गरे पनि सजायबाट बच्न सकिन्छ भन्ने सन्देश जान्छ । यस्तो अवस्थामा अपराधीहरूमा त्यस्तो गर्दा कुनै खतरा हुँदैन भन्ने भावना प्रबल हुन्छ ।

विज्ञहरू बताउँछन् कि बलात्कारका घटनालाई समाजमा अझै पनि लाज र सम्मानको नजरले हेरिन्छ तर अहिले केही व्यक्तिहरू अगाडि आएर उजुरी गरिरहेका छन् । साथै प्रहरीलाई थप प्रभावकारी र संवेदनशील बनाउनुपर्नेमा उनीहरुको माग छ ।

राजस्थानका एडीजी क्राइम रविप्रकाश मेहर्दाले राज्यमा बलात्कारका घटना बढी भएको कुरा अस्वीकार गरेका छन् । बीबीसीसँगको कुराकानीमा उनले सन् २०१९ पछि राज्यमा हुने हरेक अपराधमा एफआइआर दर्ता गराउन अनिवार्य गरिएको बताए । यदि एसएचओले त्यसो गर्न अस्वीकार गरेमा उसलाई कारबाही हुन्छ। यस्तो अवस्थामा केसहरु बढ्नुको एउटा कारण यो पनि हुनसक्छ ।

पहिले यस्ता घटनामा स्टिग्मा जोडिन्थ्यो र युवतीलाई गल्तीको अनुभूति गराउने गर्थे, अहिले त्यो निकै कम भएको उनीहरु बताउँछन् । महिला र केटीहरू अब हिचकिचाउँदैनन् र सरकारको यो कदमले उनीहरूलाई थप सशक्त बनाएको छ । यससँगै शिक्षाले पनि भूमिका खेलेको छ र अहिले उनीहरू अगाडि आएर यस्ता मुद्दा दर्ता गरिरहेका छन् । रविप्रकाश मेहर्दा भन्छन्, 'राजस्थानमा यस्ता केसहरूको संख्या पनि बढ्दै गएको छ किनभने ४९८ ए को मामलामा धारा ३७६ र ३७७ थपिएको छ ताकि मुद्दाहरूलाई गैर-जमानती बनाउन सकियोस् किनभने यी केसहरू पनि बलात्कारको दायरामा आउँछन् ।' भारतीय दण्ड संहिताको धारा ४९८- ए ले एक महिलालाई उनको पति वा उनको पतिका आफन्तहरूले क्रूरताको अवस्थाबाट बचाउनको लागि सजायको व्यवस्था गरेको छ ।

**सृजना इन्टरनेशनल मिडिया प्रा.लि.**द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४४२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, **मुद्रण**: एक्सप्रेस कलर प्रेस, बुद्धनगर, **निर्देशक** : वसन्तनाथ पन्त, **प्रधान सम्पादक**: बोधराज त्रिपाठी